म.जि.प्र.का.द.नं. : १०६/०६८, वर्ष १४ अंक २९९ मंगलबार, २७ जेठ २०८२ ने. सं. ११४५ तछलाथ्व 10 June 2025 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्यः रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

साझाकुरा

# साझाकुरा

राष्ट्रिय दैनिक

www.sajhakuranews.com

**फोहोर व्यवस्थापन गरौं र गराऔं।**

- जथाभावी फोहोर नफालौँ,
- कुहिने र नकुहिने फोहोरलाई छुट्याएर अलग-अलग राखौँ,
- घरायसी फोहोर कम गरौँ,
- पुनः प्रयोग गर्न सकिने फोहोरको व्यवस्थापन गरौँ,
- जैविक फोहोरबाट प्राङ्गारिक मल उत्पादन गरौँ।
- तोकिएको समय र स्थानमा मात्र फोहोर फालौँ,
- प्लास्टिक, कागज, काँचजस्ता पुनःप्रयोग हुने वस्तुहरूको छुट्टै संकलन गरौँ,

फोहोर नजलाऔँ, फोहोरको समुचित व्यवस्थापन गरौँ र वातावरण जोगाऔँ ।

नेपाल सरकार
विज्ञापन बोर्ड

### बागमती प्रदेशमा बजेट निर्माणको तयारी अन्तिम चरणमा

# आर्थिक वर्ष सकिनै लाग्दा सांसदका योजनामा बजेट थप्दै

साझाकुरा संवाददाता

हेटौंडा, २६ जेठ/ बागमती प्रदेश सरकारको बजेट निर्माणको तयारी अन्तिम चरणमा पुगेको छ । प्रदेश सरकारले असार १ गते अगावै प्रदेशसभामा प्रस्तुत गर्ने गरी बजेटको तयारी गरिरहेको छ ।

हाल प्रदेशका १४ वटै मन्त्रालयहरु बजेट निर्माणको चटारोमा व्यस्त छन् । आर्थिक मामिला तथा योजना मन्त्रालयबाट प्राप्त बजेट सीमा (सिलिङ) को आधारमा हरेक मन्त्रालयले आफ्ना प्राथमिकता, आवश्यकता, र उपलब्ध स्रोतका आधारमा बजेटको संरचना तयार गरिरहेका छन् । मन्त्रालयका कर्मचारी बिहान सबेरैदेखि राति अबेरसम्म कार्यालयमा बसेर कार्य गर्दै आएका छन् । धेरै कर्मचारीले काम नसकिएसम्म बिहान-साँझ नभनी कार्यालयमा समय दिइरहेको बताइएको छ ।

मन्त्रालयहरुमा बजेट तयारीको संवेदनशीलता र व्यस्तता मध्यनजर गर्दै हाल सर्वसाधारणलाई योजना बुझाउने वा माग राख्ने कार्यमा प्रतिबन्ध लगाइएको छ । मन्त्रालयका मूल प्रवेशद्वारमै सूचना टाँसेर यो जानकारी दिइएको छ । प्रदेशका सांसद, मन्त्रीहरु, र प्रभावशाली नेताले मुख्यरुपमा सडक, खानेपानी, भवन निर्माणजस्ता पूर्वाधार परि योजनामा बजेट केन्द्रित गरिदिन माग गरिरहेका छन् । प्रदेश सरकारले विपक्षी दललाई फकाउन सांसदका योजनामा बजेट थप्दैछ । मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयले सम्बन्धित मन्त्रालयलाई सांसदका योजनामा बजेट थप्न यसअघि नै पत्राचार गरिसकेको छ ।

सम्बन्धित मन्त्रालयले योजनाको विवरण आर्थिक मामिला तथा योजना मन्त्रालयमा पठाएका छन् । चालू आर्थिक वर्ष २०८१/८२ को बजेटमा तत्कालीन सरकारले प्रत्यक्ष निर्वाचित सांसदलाई ३ करोड र समानुपातिक सांसदलाई २




करोड सिलिङ तोकेको थियो । प्रमुख प्रतिपक्षी दल नेकपा माओवादी केन्द्र, राप्रपा र नेकपा (एकीकृत समाजवादी)ले सरकारसँग गरेको पूर्वसहमतिअनुसार बजेट थपहुने भएको हो । योजनामा बजेट थप नगरे आगामी आर्थिक वर्ष २०८२/८३ को नीति तथा कार्यक्रम र बजेटमा विपक्षी दलले समस्या ल्याउने सक्ने संकेतले सरकार लचिलो बनेको हो ।

आर्थिक वर्ष सकिन लाग्दा पनि विपक्षी दलले बजेट थप्नुपर्ने अडान लिएपछि सरकार लचिलो बनेको आन्तरिक मामिला तथा कानुनमन्त्री सुरजचन्द्र लामिछानेले बताए । योजनामा १०/२० लाख बजेट नपुगेर अधुरो हुने अवस्थाका योजनामा रकम थपिने उनले बताए । 'टेण्डर निकाल्नुपर्ने खालका ठूलो बजेट होइन । थोरै बजेटले अधुरा काम पूरा हुन्छन् भने थपिदिने भनिएको हो । ५० लाख नै दिए पनि एक महिनामा के काम हुन्छ ? त्यसैले थोरै बजेट दिने भनिएको हो,' लामिछानेले भने ।

भौतिकसँग सम्बन्धित ३ सय ८८ वटा योजनामा बजेट थप्न पठाइएको उनले बताए । 'हामीले पठाएका छौं । बजेट आएपनि काम हुन्छ कि हुँदैन थाहा छैन । बर्खा लाग्न थालिसक्यो,' उनले भने, 'थोरैमा १०, धेरैमा ३०/३५ लाख बजेट थपका लागि पठाइएको हो ।' यसैगरी संस्कृति तथा पर्यटन मन्त्रालयका सचिव दीपेन्द्र सुवेदीले चालु योजनामा अपुग बजेट भनेर ४ करोड थप गर्न पठाइएको जानकारी दिए । पर्यटनले सवा ३ सय योजनामा बजेट थपका लागि पठाएको आर्थिक मामिला मन्त्रालयले जनाएको छ ।

आर्थिक मामिला तथा योजना मन्त्रालयका प्रवक्ता उपसचिव श्रीकृष्ण आचार्यले बजेट थपका लागि मन्त्रालयहरुबाट योजनाको विवरण आएको बताए । थप बजेट अर्थ विविध शीर्षकबाट दिन सकिने उनको भनाइ छ । 'योजनामा बजेट थप अर्थ विविध शीर्षकबाट गर्नुपर्ने हुन्छ' उनले भने । प्रमुख प्रतिपक्षी दल नेकपा माओवादी केन्द्रका प्रमुखसचेतक रत्नप्रसाद ढकालका अनुसार माओवादी केन्द्रले ३० करोड, राप्रपाले २२ करोड र एकीकृत समाजवादीले ७ करोड थप बजेट माग गरेका थिए ।


**पहिल्यै भएको थियो बजेट थप्ने सहमति**

चालु आर्थिक वर्ष २०८१/८२ को बजेट ल्याउँदा नेकपा एमालेसँगको सहकार्यमा माओवादी केन्द्रको नेतृत्वमा सरकार थियो । मुख्यमन्त्री शालिकराम जम्कट्टेल थिए भने आर्थिक मामिला मन्त्री एमाले संसदीय दलका नेता जगन्नाथ थपलिया थिए । त्यसलगत्तै नेपाली कांग्रेस र नेकपा एमालेको समीकरणमा सरकार गठन भएको थियो ।

मुख्यमन्त्री बहादुरसिंह लामाले २०८१ असोज ६ गते विपक्षी दलको मागअनुसार सांसदहरुको योजनामा बजेट थपगर्ने सहमति गरेका थिए । लामाले बोलाएको सर्वदलीय बैठकले कांग्रेस बागमती प्रदेश संसदीय दलका उपनेता रामकृष्ण चित्रकारको संयोजकत्वमा योजना पेश गर्नका लागि अध्ययन कार्यदल गठन गरिएको थियो । सरकारले प्रत्यक्ष निर्वाचित सांसदलाई ३ करोड र समानुपातिक सांसदलाई १ करोड सिलिङ तोकेकोमा बजेट अपुग भएको भन्दै माओवादी, राप्रपा र एकीकृत समाजवादीले प्रदेशसभा सञ्चालन हुन नदिने चेतावनी दिँदै आएका थिए ।

११० सदस्यीय प्रदेश सभामा सत्तारुढ दलका प्रत्यक्ष र समानुपातिकतर्फका ६४ सांसद छन् । जसमा सरकारको नेतृत्व गरिरहेको कांग्रेसका ३७ र एमालेका २७ सांसद छन् । प्रतिपक्षातर्फ माओवादी केन्द्रका २१, राप्रपाका १३, एकीकृत समाजवादीका ७, नेमकिपाका ३ र हाम्रो नेपाली पार्टीका २ सांसद रहेका छन् ।

# द्रुतमार्गको सुरुविन्दु खोकना भन्दा ५ किमि पर सार्न माग



साझाकुरा संवाददाता

हेटौंडा, २६ जेठ/ प्रधानमन्त्री केपी शर्मा ओलीले काठमाडौं-तराई-मधेश द्रुतमार्ग सडक आयोजनाको सुरुविन्दु विवाद र समाधनका उपायबारे ललितपुरको खोकना र बुङ्मतिका स्थानीयवासीका प्रतिनिधिसँग छलफल गरेका छन् ।

प्रधानमन्त्री निवास बालुवाटारमा प्रधानमन्त्री ओलीलाई तत्कालीन खोकना गाविसका पूर्वअध्यक्ष मदनकृष्ण डगोल, नेकपा (एमाले) ललितपुर महानगर कमिटी अध्यक्ष ज्ञानेन्द्र शाक्य, स्थानीय जनसरोकार समितिका संयोजक नेपाल डंगोल, एमाले ललितपुर महानगर, वडा नम्बर २१ कमिटी अध्यक्ष ज्ञानभक्त महर्जनसहितले भेटेर समस्या र समाधानको विकल्पबारे सुझाव दिएका हुन् ।

सरोकार समितिले खोकनामा सुरुविन्दु कायम गर्दा परम्परागत सभ्यता र संस्कृति मासिने भएकाले यो स्थलभन्दा साढे पाँच किलोमिटर तल डुकुछापमा कायम गर्न विकल्प दिएको छ । रक्षा मन्त्रालयका सचिव रामेश्वर दंगाल, प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयका अधिकारी र नेपाली सेनाका प्रतिनिधिसमेत सहभागी छलफलमा प्रधानमन्त्री ओलीले स्थानीयलाई मर्का पर्ने गरी विकास गर्ने सरकारको ध्येय नभएको स्पष्ट गर्दै समस्याको समाधानका लागि निर्णयमा पुग्नुपूर्व आफू एकपटक स्थलगत अवलोकनमा आउने जानकारी गराए ।

यसअघि प्रधानमन्त्री ओलीले गत माघ २३ गते प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सिंहदरबारमा उपप्रधानमन्त्री एवम् अर्थमन्त्री विष्णुप्रसाद पौडेल, भौतिक यातायात तथा पूर्वाधारमन्त्री देवेन्द्र दाहाल, रक्षामन्त्री मानवीर राई, प्रधानमन्त्रीका आर्थिक मामिला सल्लाहकार युवराज खतिवडा, नेपाली सेनाका प्रधान सेनापति अशोकराज सिग्देल र उच्चाधिकारीको सहभागितमा आयोजनाको प्रगति र देखिएका समस्या समाधानका लागि छलफल गरेका थिए ।

कूल ७० दशमलव ९७ किलोमिटर दूरीको द्रुतमार्ग दुई खर्ब ११ अर्ब ९३ करोड लागतमा निर्माण सम्पन्न गर्ने तयारी गरेको भएपनि लागत बढ्ने बताइएको छ । यो सडक आयोजना २०७४ मा सुरु भएको हो । आयोजनाको संशोधित अवधि २०८३ चैतमा सम्पन्न गर्ने लक्ष्य रहेको छ ।

# हेटौंडामा बजाज एक्सचेन्ज मेला

साझाकुरा संवाददाता

हेटौंडा, २६ जेठ/ हेटौंडामा बजाज एक्सचेन्ज मेलाको औपचारिक शुभारम्भ गरिएको छ । मेलामा बजाज बाइक खरिद गर्ने ग्राहकले नगद पुरस्कारसहित विभिन्न आकर्षक अफर प्राप्त गर्न सक्ने बताइएको छ ।


सोमबारबाट सुरु भएको मेला जेठ ३० गतेसम्म सञ्चालनमा रहने आयोजकले जानकारी दिएको छ । स्थानीय विक्रेता होराइजन अटो प्रालिका सञ्चालक लालकाजीरत्न बज्राचार्यकाअनुसार बजाज बाइक प्रयोगकर्तालाई लक्षित गर्दै विशेष सुविधा र आकर्षक योजना मेलामा समावेश गरिएको छ । मेलामा अहिलेसम्मकै सबैभन्दा ठूलो अफर उपलब्ध गराइएको छ ।

जसअन्तर्गत बाइक खरिदमा तत्काल फाइनान्स सुविधा, विशेष नगद छुट, १० हजार रुपैयाँसम्मको अतिरिक्त मूल्यांकन, साथै निशुल्क परामर्श सेवा प्रदान गरिने उनले बताए । बजाजको बाइक हेटौंडामा निकै लोकप्रिय भएको बताइएको छ ।

**सम्पूर्ण ब्राण्डका गाडी एकै ठाउँमा सम्पूर्ण सेवासहित**

- कार वास भित्र/बाहिर
- वायरिङ मर्मत
- मेशिनद्वारा A/C मर्मत तथा ग्याँस रिफिलिङ
- सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
- डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक वेल्डिङ
- टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
- हेटौंडामै पहिलो पटक N2 (Nitrogen) हावा टायरमा भरिने
- इन्जिनसम्बन्धी सबै काम

**Himalayan Motors Pvt.Ltd.**
हेटौंडा, चौकीटोल
सम्पर्क नं.: ०५७-५९०३३३



साझाकुरा

## हाम्रो कुरा

# देउकोटमा घरैपिच्छे धारा

बालबालिकाको जीवनरक्षा र विकासका लागि सफा पिउनेपानी, आधारभूत शौचालय तथा उपयुक्त सरसफाइका बानी अत्यन्तै महत्वपूर्ण छन् । करिव एक दसकअघि निकै कठिनका साथ मकवानपुरलाई खुला दिसामुक्त घोषणा गरियो । खुला दिसामुक्त घोषणा गर्न पानी अनिवार्य एजेण्डा हो । यी आधारभूत सेवाविना लाखौं बालबालिकाको जीवन जोखिममा रहेको हुन्छ । खानेपानी तथा सरसफाइजन्य रोग पाँच वर्षमुनिका बालबालिकाको मृत्युको मुख्य कारणमध्येको एक हो । गरिबी, कठिन भुबनोट र द्वन्द्वजस्ता चुनौती हुँदाहुँदै पनि खानेपानी तथा सरसफाइको सुविधा विस्तारमा नेपालले विगतका केही वर्षमा उल्लेखनीय प्रगति हासिल गरेको छ । सन् १९९० मा ४६ प्रतिशत घरधुरीसँग खानेपानीको सुविधा रहेकोमा हाल ९५ प्रतिशतसम्म खानेपानीको पहुँच पुगेको छ । त्यसैगरी सन् १९९० मा ६ प्रतिशतबाट वृद्धि भई हाल ६२ प्रतिशतसँग सरसफाइको सुविधा उपलब्ध छ । तथापी चुनौतीहरु अझै बाँकी नै छन् । मकवानपुरको मनहरी गाउँपालिका-८ देउकोटका वासिन्दाले भोग्दै आएको खानेपानी समस्या समाधान भएको छ । घरघरमा धारा जडान भएपछि देउकोटमा पानीको पुरानो समस्या हटेको हो ।

धारा जडानसँगै दैनिक जीवनमा सहजता आएको छ । बिहान पानी लिन जाँदाको हतार, लाइनको झमेला, समयको बर्बादी यी सबै कुरामा सुधार आएको छ । अब यहाँका नागरिक बिहान चिया पिउँदै, समाचार सुन्दै धाराबाट पानी उपभोग गर्न सक्छन् । यसले घरधन्दा, अध्ययन, कृषि, स्वास्थ्य र सरसफाइमा प्रत्यक्ष सकारात्मक असर पार्न थालेको छ । पानीको झमेलाले महिलाको दिनभरको समय प्रभावित हुन्थ्यो । बालबालिका विद्यालय जान ढिलो हुन्थ्यो । तर, घरमै धारा भएपछि महिलाहरु अन्य काममा लाग्न पाएका छन्, छोराछोरी विद्यालय जान नियमित भएका छन् । यसले शिक्षा र महिला सशक्तीकरणमा पनि सहयोग पुऱ्याएको छ । अहिले स्थानीयमा हातधुने, भाँडा माझ्ने, नुहाउने आदि काम नियमित हुँदा व्यक्तिगत र सामुदायिक सरसफाइमा सुधार आएको छ । घरघरमा धारा हुनु सफा र सुरक्षित जीवनतर्फको पाइला हो । यद्यपि यसक्षेत्रका धेरै ठाउँमा पानीको समस्या हटेको छ । पानीको श्रोत ठुलो नहुँदा यहाँका धेरै परिवारले पानीका लागि वल्लो गाउँ र पल्लो गाउँमा धाउनुपर्ने बाध्यता हटेको स्थानीय बताउँछन् । यहाँका वासिन्दालाई खानेपानी सुविधा दिलाउनका लागि देउकोट खानेपानी तथा सरसफाइ उपभोक्ता समिति गठन गरेर २०७० सालदेखि निरन्तर रुपमा काम गरिँदै आएको थियो । चालु आर्थिक वर्षमा मात्र यस खानेपानी योजनाको काम सकेर यहाँका एक सय परिवारका घरघरमा दैनिक रुपमा निरन्तर पानी आएको हो । त्यतीबेला एक गाग्री पानीका लागि भोग्नुपरेको समस्या उनीहरुको मानसपटलमा ताजै छ । पानीका लागि मुहानको समस्या थियो । एउटा गाउँभरमा थोरै धारा थिए । पानी लिनका लागि बिहान र बेलुका घरका सबै काम मायामारेर धाउनुपर्ने बाध्यता थियो । तर, अहिले घरघरमा धारामा पानी आएको छ । निकै सहज भएको छ ।

सबैभन्दा सुरुमा यहाँ पानी खुवाउनका लागि तत्कालीन हाँडीखोला गाविस कार्यालयबाट योजनाको सुरुवात गरिएको थियो । तर, हरेक वर्ष थोरै बजेट पर्ने भएका कारण योजना सम्पन्न गर्नका लागि निकै समस्या थियो । चालु आर्थिक वर्षमा भने खानेपानी डिभिजन कार्यालयले यस योजनाका लागि भनेर १० लाख रुपैयाँ लागतमा काम गरेको हो । यहाँ पानी खुवाउनका लागि देउकोटको खोल्सामा लिफ्टीङ गरेर पानी टंकीमा जम्मा गरेर वितरण गरिएको स्थानीय वासिन्दाले बताएका छन् । यसक्षेत्रमा लिफ्टीङ गरेको पानी वितरणका लागि अटोमेसन जडान गरिएको छ । यसले घरमै मोवाइलबाट खानेपानीको मुहानको मोटर बन्द गर्ने र खोल्न मिल्ने सुविधा दिलाइएको खानेपानी डिभिजनका प्राबिधिकले बताएका छन् । यहाँ पानी संकलनका लागि भनेर ८० हजार लिटरको पानी टंकी निर्माण गरिएको खानेपानी उपभोक्ता समितिले बताएको छ । ठुलो पानीटंकी भएपछि एकसय घरलाई पानी खुवाउनका लागि कुनैपनि समस्या नभएको स्थानीयको भनाई छ ।

# लु, आज झोले बहस गरौं



✍ बसन्त बस्नेत

व्यक्तिगत समृद्धितर्फ अधीरतासाथ कुदिरहेको एउटा राजनीतिक तप्कालाई आम जनताले झोले भनी ललकार्दासम्म खास फरक परेको थिएन । तर प्रधानमन्त्री तथा एमाले अध्यक्ष केपी शर्मा ओलीले 'म झोले हो' लिखित तस्बिर फेसबुकमा पोस्ट गरेपछि भने वास्तविक झोलेहरूबारे सोच्न बाध्य भइयो । आम मान्छेले झोला बोक्नु चलिआएकै चलन हो । राजनीतिक अभियन्ताले झोला बोक्नुको अर्थ भने तेह्रथुमे ढाकाको घरबुना झोला वा पाल्पाली धागो कातेर शिल्पीहरूले कुँदेका बुट्टे झोला बोक्ने विगतका झोलेहरूमात्रै बुझाउँदैनथ्यो । ती झोलेहरूलाई अन्तरपार्टी निर्देशनमै झोलाभित्र सियोधागो, चप्पलको जगेडा लोती, पुस्तक, सलाई, आलपिन, टर्चलाइट, डायरी, कलम, हल्का सातुसामल बोकेर हिँड्न भनिएको हुन्थ्यो । विन्दा पाण्डेको हालसालै प्रकाशित 'भुइँमान्छे' पुस्तकमा यस्ता अनेकौं झोलेहरूलाई सेल्टरको शरण दिने आम नागरिकहरूबारे जीवन्त वर्णन छ ।

ती झोलेहरू आज रातारात उदाएको नवआगन्तुक ब्रिफकेस वर्गको मारमा परेका छन् । बदनामी भने ब्रिफकेस होइन झोलाकै भएको छ । विमल निभाले लेखेझैं आज लोकतन्त्रको शब्दकोशमा शब्दहरूले अर्थ गुमाएका छन् । आज ब्रिफकेस बोक्नु भनेको झोले हुनु हो, झोला बोक्नु चाहिँ अर्थोक केही बेकामको हुनु हो । ब्याग र सुटकेस बोकेर खासै उत्पादक श्रम नगरी विलासी गुजारा गर्नेहरूबाट ती झोलेहरू लगभग किनारीकृत छन् । अनि राजनीतिमा वर्षौं लागेर पनि झोलाबाट ब्यागमा स्तरोन्नति हुन नसकेकामा राष्ट्रको लोसे आर्थिक प्रणालीलाई दोषारोपण गरिरहेका छन् । झोलामा खोला हालेर हिँड्नेहरु भन्नाले ब्रिफकेसमा जलविद्युत कम्पनीका अनुचित डिल गर्नेहरु नै बुझिन्छन् । दोकाँधे झोला बोक्नेहरु बुझिँदैनन् ।

यसरी सीमान्तमा धकेलिएका कति झोलेहरुले त आफू गरिब भएको भारत, चीन वा अमेरिकाको कारणले हो भनी भूराजनीतिलाई समेत धारेहात लगाइरहेका होलान् । तिनको चेतनालाई सत्ता टिकाउन वा फेरि सत्तामा पुग्नका लागि फेसबुकमार्फत् भाष्य सिर्जना गर्न शीर्ष नेताले दुरुपयोगबाहेक अरु केही गरेनन् । वा भनौं जगमान गुरुङ वा साध्यबहादुर भण्डारीका अमौलिक तर्कहरू, जो यहाँ भनिसाध्य छैनन्, तिनका अपुष्ट र अप्रामाणिक कुण्ठा नै ज्ञानका अतुलनीय भण्डार मानेर ती विवश निमुखा झोलेहरू दुरदराजका बस्तीमा राम्रोसँग नचल्ने इन्टरनेट खपत गर्दै होलान् । कोही कोही त ब्रह्म सत्य जगत मिथ्या भन्दै स्वेच्छिक एकान्तवासतर्फ लागिसके ।

प्रधानमन्त्रीले पार्टीनिकट बुद्धिजीवीलाई झोले बन्न प्रोत्साहित गर्दै दिएको भाषणले मनमा प्रश्न उब्जायो- यी सकल दर्जाका झोलेहरूको इतिहास कति पुरानो होला ? यो आफैंमा आधुनिक नेपाली राजनीतिक इतिहास अध्येताहरूको लागि शोधको विषय हुन सक्छ । पञ्चायतकालमा कृष्णप्रसाद भट्टराई होउन् या बलदेव शर्मा मजगैया, सहाना प्रधान होउन् या हिसिला यमि, गजेन्द्र नारायण सिंह होउन् या ईश्वर पोखरेल । यी सबै झोलेहरू थिए ।

नेताको मात्रै किन कुरा गर्ने, अचेल नक्कली भुटानी शरणार्थीदेखि पतन्जलि प्रकरणका नाममा सत्ता-विपक्षको हठयोग गर्नेहरू पनि कुनै समय झोले नै त थिए । तर अचेलका झोलेहरू कहिले भिजिट भिसाका नाममा, कहिले अमेरिकी डिपोर्टका नाममा बेइज्जतिपूर्वक आयात निर्यात गर्छन् । मानौं तिनका लागि नागरिकहरू मान्छे होइनन्, फगत सस्तो दरभाउका मालसामान हुन् । तर यति भन्दा इतिहासका झोलेहरूको सम्पूर्ण चित्र भने आउँदैन । उनीहरूले त्यागका शृंखला नै रचेर आएका छन् । यीमध्ये कसैलाई विदेशी विश्वविद्यालयमा नि:शुल्क छात्रवृत्तिको अफर थियो, जसलाई उनीहरू सहजै लत्याएर राजनीतिक मुक्तिका लागि झोले बन्न तयार थिए । जुनसुकै वैचारिक खेमाभित्र पनि झोलेहरूप्रति अतुलनीय आकर्षण थियो, अनि व्यक्तिगत सुविधाका लागि बृहत् सामाजिक कर्तव्य बिर्सनेहरूप्रति सख्त नफरत ।

०४८ को आम चुनावमा टिकट नपाएका कृष्णगोपाल श्रेष्ठलाई थुम्थुम्याउन झोला बोकेर, अनि साइकल चढेर घरैमा पुगेका मदन भण्डारी हुँदासम्म झोलाप्रतिको आम सम्मान कहिल्यै झरेन । ०४८ पछि कांग्रेसभित्र गिरिजाप्रसाद कोइरालासँग निकट हुनेहरूको हैसियतमा धेरथोर बढोत्तरी हुँदा कृष्णप्रसाद भट्टराई निकट हुनेहरू झोलेमै सीमित भइरहे । तै पनि झोला बोक्नुप्रतिको लगावमा तलवितल भएन । ०५१ मा एमालेले अल्पमतको सरकार बनायो, तै पनि मनमोहन अधिकारीका आह्वान र भरतमोहन अधिकारीका आर्थिक बाचाहरूभित्र जनताहरू सामाजिक लोकतन्त्रको झोलाभित्रका गुलिया पुरियाहरू होलान् भनी सहजै आकलन गर्थे ।

जब ०५४ साल आयो, तब वामदेव गौतम गृहमन्त्री भए । एमालेले झोला त बोकिरह्यो । यो बेग्लै कुरा हो, झोलाभित्र के राख्ने भन्ने प्राथमिकता एकाएक बदलिन थाल्यो । त्यस बेला कम्युनिस्ट राजनीतिमा सक्रिय रहेका एक विश्लेषकले केही दिनअघि यो पंक्तिकारसँग विना कुनै कुण्ठा इतिहासका सम्झना सुनाए- 'जनवादका पुस्तक भेटिने झोलाहरूमा वामदेव युगको आगमनसँगै सुनका लाप्सा पो भेटिन थाले । नेता-कार्यकर्ता र स्वार्थ समूहहरूको उठबस बाक्लिन थालेको त्यसै बेलादेखि हो ।' सम्माननीय प्रधानमन्त्री केपी शर्मा ओलीज्यु, एकपल्ट फर्केर आफ्नै पार्टीको इतिहास पल्टाउनुहोस् त । ठिक त्यही बेलादेखि हो, झोलाभित्र राखिने सामग्रीका कारण आम सर्वसाधारणको झोलाप्रतिको दृष्टि बदलिन थालेको । पार्टीभित्र अचेल नेता विशेषको उमेरले हद नाघेको बहसमात्रै चल्छ, इमानले हद नाघेको बहस कहिले हुने ?

०५२ मा मनमोहनको सरकार ढलेपछि क्रमश: शेरबहादुर देउवा, लोकेन्द्र बहादुर चन्द, सूर्यबहादुर थापा अनि गिरिजाप्रसाद कोइराला प्रधानमन्त्री बने । कांग्रेस, एमाले, राप्रपा पालैपालो सरकारमा जाँदा गठबन्धन फेरिँदै गए र फेरिँदै गए झोलाभित्रका बाचाबन्धन पनि । तेल र पानी आपसमा घुल्दैनन्, तर अचेल सडकमा राजतन्त्र र गणतन्त्रको नाममा तमासा मच्चाउनेहरू त्यसबेला आपसमा कस्तरी घुलेका थिए, एकपल्ट सम्झौं त ! र, त्यस बेला हाम्रा प्रिय कमरेडहरू वा दाजुदिदीहरू झोला बोकेर गाउँ गएनन्, बरु बैंकक उडे । पजेरो काण्ड त्यसै बेला घटित भयो । एमालेका तत्कालीन सांसद काशीनाथ अधिकारीबाहेक प्रत्येक सांसद पजेरो काण्डका हिस्सा भए । सांसदले गाडी किने कर छुट पाइने नियमलाई कुन-कुन व्यापारीले कसरी दुरुपयोग गरे र हाम्रा थुप्रै सांसदहरूले कसरी आफ्नो लोगोलाई जनताको नाममा होइन, उपभोगका 'ईश्वर'हरूको नाममा चढाए ? लु, आज झोले बहस गरौं त ।

हो, त्यही विन्दुदेखि उनीहरूले झोला बिसाए । रातारात ब्रिफकेस बोक्ने वर्गको उदय भयो । मैलोधैलो झोला बोकेर पछिल्लो सिटमा सवार समाजवाद र जनवादको धीमा गाडी अब ६० किमीको स्पिडमा गुड्न थाल्यो । तपाईं भन्दै आएकाहरूले हजुर भन्न सिके । बक्सियोस् प्रथासँग लडेकाहरूले आइस्यो, सँगै खाइस्यो, गाथलाई आराम भएन, निवासमै छु भन्न सिके । त्यो केवल भाषा र सेमान्टिक्सको लडाइँ थिएन, अपितु त्यस भाषिक चयनभित्र ठूलो राजनीतिक संघर्ष चलिरहेको थियो । हरदिन लोकतन्त्र र जनवादको अपमान भइरहेको थियो ।

र, यो संघर्षमा पुरुषसँगै झोला बोकेर हिँड्न सिकेका महिलाहरू अब छुट्न थाले । न्याय र मुक्तिको यात्रामा सँगै नारा लगाउनेहरूमध्ये पुरुषले अलग्गै वर्गमा आफूलाई उकास्यो । अपवादलाई छाडेर धेरै महिलाहरू जुठा भाँडा माझ्ने र गृहस्थी धान्ने ठाउँमा पुगे । दलित र सीमान्तकृतको कुरा यहाँ गरिराख्नुपर्छ र ? धन र बर्चस्वको लडाइँमा पछि परेका तिनीहरूको थप बेइज्जत किन गरिरहने ? कसैले पुरानो झोला बिसाएर नयाँ ब्रिफकेस बोक्नुमा कुनै समस्या छैन, तर त्यो रातारातको वर्गोत्थानको स्रोत के थियो भनेर कहिल्यै आफ्ना नागरिकलाई भन्नु नपर्ने ? विगतमा इतिहासले सुम्पेको कर्तव्यको झोला छाड्ने हुँदा स्वयं आफ्नो जीवनलाई, परिवारलाई, टोललाई, नागरिकलाई दिएको धोकाधडीबारे आज कसैले स्वीकारोक्तिसमेत नगरी 'म झोले हुँ' भन्न पाई कि नपाई ?

कुनै बेला प्रत्येक कार्यकर्ताको ५०-५० रुपियाँ जोडेर मदननगर बल्खुमा पार्टी कार्यालय बनाएको एमालेलाई आज मुठिदानमा होइन, महादानमा भर पर्नुपर्ने अवस्था छ । कांग्रेसमा त तरुणहरू नागरिकको करले बनेको बजेट काटेर पार्टीको भवन बनाउने पुरुषार्थ रच्न सकेकामा आफ्नै प्रतिभासँग कायल छन् । अनि गौरवमय सगरमाथाबाट आधा विजयको भावमा फर्केलगत्तै महामन्त्री विश्वप्रकाश शर्माहरू आफ्नै कार्यकर्ताहरूविरुद्ध कारुणिक भाषामा फेसबुकमा नोट अफ् डिसेन्ट लेख्दैछन् । दुर्भाग्य, यस्ता कर्महरूमा नाम जोडिन्छ गणेशमान सिंहको, जो काठमाडौंको खानदानी सुविधा छाडेर बागी विद्रोही बन्न डराउँदैनथे । तिनका कार्यकर्ताले सादगी र निष्ठाको झोला बोक्न बिर्सदा आज कायरता भन्नु नै वीरता बन्न गएको छ । त्यसैले आज झोले शब्द यत्तिकै बदनाम भएको होइन । झोलाभित्रका बस्तु बदलिँदा विरासतको झोला बोक्नेहरूसमेत आज टाउको उठाउन नसक्ने अवस्थामा पुगे ।

राजावादीलाई यो झोले बहसमा तानिरहनु बेकार छ किनभने गणतन्त्रका यी झन्डै दुई दशकमा माओवादी, कांग्रेस र एमालेले के गरेनन् ? वा भनौं के मात्रै गरेनन् ? तिनले राजतन्त्र बिर्साउने गरी अख्तियार दुरुपयोग गरे । तिनले राजतन्त्र सम्झाउने गरी वर्गोत्थान गरे, जसको आर्थिक स्रोत राजाकै जस्तो पारदर्शी छैन । निराशाको व्यापार गऱ्यो भन्ने अर्थ नलागोस् । डर त हामीलाई नक्कली आशाको उद्योगसँग पनि उत्तिकै छ । यो बीचमा महँगी कतिपल्ट र कति गुणा बढ्यो ? अरु केही नभए पनि तरकारी र चामलको भाउमात्रै कति बढ्यो ? अनि त्यसको दाँजोमा जनताको कमाइ कति बढ्न गयो ? त्यस बेला यी दलका कुनचाहिँ झोलेहरूले बोलेको सुनियो ?

उखु किसान र मिटर ब्याज पीडितहरूको मर्कामा नेपाल किसान संघ वा अखिल नेपाल किसान संघहरूले बोलेको सुनियो ? माओवादीका उत्पीडित नाराहरू उराल्नेहरूले कुन चाहिँ सहकारी पीडितहरूका लागि बोलेको सुनियो ? निर्ग नवीनहरूले न्यायको कुरा गर्नलाई आफ्नै विगतको पार्टीको झन्डा नफाली नहुने अवस्था के कारणले र कसका कारणले उत्पन्न भयो ? किन प्रदीप नेपालले मरणोपरान्त इच्छापत्रमा मलाई पार्टीको झन्डा नओढाउनु भन्नुपर्ने अवस्था उत्पन्न भयो ? के यसका पछाडि केवल भावनात्मक कारणमात्रै बाँकी छ ? कि हिजोदेखिका वस्तुगत गल्तीहरू कारक थिए, जसबारे नेतृत्वले जवाफ दिनुपर्ने खाँचो कहिल्यै देखेन ? भ्रातृ संगठनहरूका सभा सम्मेलन कुटाकुटबाट सुरु हुन्छन् र नेतृत्वले जबर्जस्ती 'सहमति'मा टुंग्याउँछ । तर योबीचमा मकै पोल्ने, बदाम बेच्नेहरू सहरबाट अमानवीय ढंगले लखेटिँदा कुन चाहिँ मजदुर किसान संघहरू झोला बोकेर सडकमा आए ? यसबीचमा महिला मुद्दा उठाउनेहरूका संगठनहरूका लागि औंलामा गनेर नसकिने एजेन्डाहरू आँखै अगाडि थिए, तर दर्जनौं 'निर्मला' हरूलाई किन अनदेखा गरियो ? उल्टै तिनलाई किन 'ट्याउँट्याउँ' भनियो ?

आज कोही बिरामी परेर बिचल्ली भयो भने अस्पताल पुग्ने बाटो त छ, तर हिम्मत छैन । यति महँगो स्वास्थ्य र शिक्षा सेवाका बारे बोल्न झोले तयार छैन, ऊ त कहीं न कहीं लाभहानिको साझेदार भइसक्यो । गोविन्द केसीजस्ता 'सन्की' अनशनकारीहरू बेलाबखत आउँछन्, तर तिनको कुनै संगठन हुँदैन जसले कस्तै उतारचढावमा पनि अविचल उभिन सक्षम भइरहोस् । के प्रत्येक दलभित्र गोविन्द केसीहरूको चेतना भएका मानिसहरू हुनुपर्ने होइन ? तर दु:खका साथ भन्नुपर्छ, आज झोलेहरू परिवर्तनका बाहक होइन, बाधक भएका छन् । किसान, मजदुर, महिला, दलित, मधेशीका नाममा खुलेका संगठनहरू खासमा कसको सेवा गर्नका लागि चलाइएका थिए, जसको कार्यालय चलाउने खर्चसमेत कुनै बितिसकेको शहीदका नाममा वा लोकतन्त्रका लागि लडेको नेताका नाममा खुलेको प्रतिष्ठानलाई घुमाउरो पाराले बजेट बाँडेर जुटाइन्छ ?

झोले प्रश्नहरू यत्तिमा सकिँदैनन् । विश्वविद्यालय, क्याम्पस र स्कुलहरूको दुरावस्थामा कुन चाहिँ विद्यार्थी संगठनले साँचो संघर्ष थाल्यो ? बरु नेविसंघ, अखिल, क्रान्तिकारी वा इत्यादिले शैक्षिक बाहेकका सबै नाजायज मुद्दामा लडाइँ गरे र लोकतन्त्रले दिएको संघर्ष गर्न पाउने अधिकारलाई आफ्नो सीपले भ्याएजति बदनाम गरे । सार्वजनिक सवारीमा भेडाबाख्राभन्दा कठोर ढंगले यात्रु कोचिँदा यहाँ कुनै उपभोक्ता अधिकारका लागि कुरा गर्ने भ्रातृसंगठनको मुख खुल्यो ? नेपालको वास्तविक अवस्था हेर्न विदेशी पाहुनाहरू हिमाल पहाडतिर जानुपहिले यहाँका सार्वजनिक बस वा माइक्रोमा चढेर हेरुन् । हाम्रो लोकतन्त्रले नागरिकलाई कुन हैसियतमा व्यवहार गर्छ भन्ने प्रथम दृष्टिमै झल्को मिल्छ । के यस्तो एजेन्डा यी अनेकन् झोलेहरूको एजेन्डा बन्नुपर्ने होइन र ?

इतिहासमा पुर्खाहरूले गरेका संघर्षहरूबाट सिकेर कसैले आज आफ्नो भागमा परेको लडाइ लड्यो ? गणतन्त्रमा पनि लड्न बाँकी न्याय र अधिकारका एजेन्डाका लागि कसैले गौरवसाथ झोला उठायो र आज गर्वसाथ म झोले हुँ भन्नलाई ? नेताले एउटा औंला उठाउँदा, एउटा लट्ठीको टुप्पोले भुइँमा ट्वाक-ट्वाक हिर्काउँदा या एउटा मुस्कानमय चेहराले हेर्दा पनि आम मानिसमा सन्देश जानुपर्छ । खै किन हो, प्रधानमन्त्रीकै तहबाट सुरु भएको झोले अभियानको घोषणा जतिसुकै डेसिबलको भए पनि यसले फिटिक्कै ध्वनि सिर्जना गर्न सकेन । सायद यो चीजहरूलाई बुझ्ने हाम्रो आफ्नै समझदारीको कमी पनि हुन सक्छ ।

*(साभार: अनलाइनखबर)*

# बिजुली गइरहने देश

✍ ज्ञानेन्द्र विवश

बिजुली गइरहने देश ! हेर्दाहेर्दैको आँखाले दृश्य केही देख्न नसक्ने अवस्था हुन्छ । बत्ती गएपछि अन्धकारको कालो मुस्लोमा के देख्नु, के हेर्नु ? आँखाले जति नै नियालेर हेरे पनि देखिने भनेको केही बाँकी रहेको हुँदैन । बाँकी नरहेको शून्यतामा कामले नेटो काट्छ । चिनाजानी बिरानो बन्छ । आपसमै टाढापनको आभास हुन्छ । मात्र आवाज सुनिन्छ । दृश्यमय संसार अन्धकारमा विलीन भएको हुन्छ । यस्तोमा डरको मात्रा बढ्न थाल्छ । चोरीडकैतीको साहसचाहिँ बढ्छ । त्यसपछि अन्धकारको संवाद डरलाग्दो हुन थाल्छ । अन्धकार छाएको बेलामा आँखाले देख्न छाड्छ तर के साँच्चै देख्न छाड्ने आँखाले मात्र हो ? वा त्यस पलमा जीवनकै दृश्य विलीन हुन्छन् ? जब बत्ती जान्छ, एकाएक संसारको रङ, रूप सबै हराउँछ । आँखा खुला छन् तर शून्य घुरिरहेको हुन्छ । जति नियालेर हेरे पनि देखिने केही हुँदैन र त्यो 'नदेखिने' अवस्थामै जीवनको अर्को पाटो खुल्दै जान्छ ।

दृष्टिको बन्धन हटेपछि ध्वनि हाबी हुन्छ । कोठाको कुनाबाट कसैको सास फेर्ने आवाज आउँछ, पर परबाट टोलको कुकुर भुक्छ, कहिलेकाहीँ आफ्नै मुटुको धड्कन पनि गुन्जिन थाल्छ । सामान्यत: ती अनौठो सुनिने आवाजहरूले मान्छेलाई त्रस्त पार्छ, निद्रा हराउँछ, सपना भाग्छ । अन्धकार दृष्टिको अभाव होइन, त्यो अनुभूतिको अर्को तह हो, जहाँ सम्बन्धहरू पुन: परिभाषित हुन्छन् । चिनाजानी मानिस पनि अपरिचित लाग्छ । एउटै कोठामा बसेका दुईजना एक-अर्कासँग अञ्जानजस्तै हुन सक्छन् । दृष्टिको सुविधा नभएको ठाउँमा सम्बन्ध आवाजमा, सासमा, मौनतामा खोज्नुपर्छ । र, त्यहीं कतै 'मात्र सुनिने' संवेदना जन्मिन्छ, जहाँ आँखाले भन्दा कानले बढी प्रेम गर्छन्, डराउँछन्, महसुस गर्छन् ।

अन्धकारले दृश्य चोर्छ, तर साथसाथै हामीलाई आफूसँगको अन्तर्मनको संवाद गर्न बाध्य बनाउँछ । जब बाह्य दृश्य हराउँछ, तब भित्रको दृश्य खुल्छ । कामको थकान, सम्बन्धको चिसोपन, मनको बोझ यी सबै अन्धकारमा झनै स्पष्ट देखिन थाल्छन् । आँखाले केही नदेख्दा फदयले सबै देख्न थाल्छ । शायद यसैले अन्धकार कहिलेकाहीँ डर लाग्दो होइन, बरु शुद्ध पार्ने शक्ति हो । त्यो समय हो, जब हामी 'देखिने' दुनियाँको भ्रमबाट अलग भई 'सुनिने' जीवनको गहिराइमा पसेर आफैँसँग भेटिन्छौं ।

शून्यमा पनि जीवन हुन्छ अन्तर्यात्रा गर्ने, आफैँसँगको सम्बन्ध गाँस्ने र त्यो मौनतामा पनि अर्थ खोज्ने । अन्धकार, अन्तत: दृष्टिको अन्त होइन, अनुभूतिको आरम्भ हो । त्यसका लागि हामी सबैले प्रश्न गर्नुपर्छ, आवाज उठाउनुपर्छ । सबैभन्दा जरुरी कुरा स्मरण राख्नुपर्छ कि एउटा कर्मचारी फेरिनु केवल व्यक्तिको हेरफेर होइन, यो सिद्धान्त, दृष्टिकोण र निष्ठाको परीक्षाफल हो । दिइरहेको कुनै सुविधा वा बलिरहेको बत्ती कटौती गर्दा कालो छायाले पनि तर्साउन थाल्छ । जीवनधाम तहसनहस हुन थाल्छ भन्ने कुराको ख्याल गर्नुपर्छ । त्यो परिवर्तन होइन, अस्तव्यस्तता हो । फेरिँदैन कहिल्यै लय, फेरिन्छ केवल अनुहार । भनौं नीति जस्ताको तस्तै, निर्णय त्यहीँ पुरानै । तर फेरिएको देखाएर अन्धकारलाई नै सामान्य बनाउने चलन चलेको छ ।

अब प्रश्न उठ्छ, के यस देशमा कहिल्यै बिजुली जानै छाड्छ ? कि हामी सधैं अन्धकारमा बाँच्नै बानी परेका छौं ? के अब हामीले लोडसेडिङको तालिका हेरेर काम गर्नुपर्ने अवस्था आउँछ ? के हामीले उज्यालोलाई मात्र देख्न सिकेका छौं, तर त्यसलाई जोगाउन कहिल्यै सोच्दैनौं ? अथवा के उज्यालो आफैं हामीबाट डराउन थालेको हो ? उज्यालोलाई हामीले किन निरन्तरता कायम राखिराख्न सक्दैनौं कि जान्दैनौं कि वा बुझ पचाएर जनतामा कालो दिनको बोझ बोकाउन मन पराउँछौं? बिजुली जाने यो चलन केवल प्रविधिको समस्या होइन, यो चेतनाको प्रश्न हो । जबसम्म हाम्रो चेतना प्रज्वलित हुँदैन, तबसम्म यो देश उज्यालोको सपना देखिरहनेछ र हरेकचोटि अन्धकारलाई नियति ठानिरहनेछ । चलनचल्तीबाटै बिरानिइसकेका टुकी, टर्चलाइट खोजेर अँध्यारो भगाउने क्षणिक उपाय पनि कतिन्जेलका लागि हो र ?

यसैले अब ट्रान्सफर्मर, पोल वा तारको मर्मत होइन, आवश्यक छ सोचको मर्मत, संस्कारको जडान र सिस्टमको फेरबदल । तब मात्र त्यो दिन आउनेछ जब न रुख ढल्दा, न पानी पर्दा, न कर्मचारी बदल्दा, न चोरी हुँदा बिजुली जाँदैन, देशमा उज्यालो निरन्तर बास बस्छ । अँध्यारो आएर कसैले अन्धो हुनुपर्दैन । अँध्यारोमा कसैले छामछुम गर्दै हिँड्नुपर्दैन । त्यसपछि अन्धकारको विरुद्ध उज्यालोले व्यापार गरेर अनावश्यक पैसा कुम्ल्याउन पनि पाउँदैन । जलस्रोतको दृष्टिले धनी मानिने हाम्रो देश, जहाँ पातपातमा पानी झर्छ । जहाँ हिउँ पग्लिएर, मुहान फुटेर पनि कलकल सफा पानी बग्छ । जहाँ झरना र खोलाको वेगले संगीत गुञ्जाउँछ । त्यही पानीको जगेडाले बिजुली निकालिएको छ । तर निकालिएको बिजुलीमाथि राजनीति हुन्छ । जनताको ढाड सेक्ने प्रपञ्च रचिन्छ । त्यही देशमा जब रात पर्छ, अन्धकारको व्यापार शुरु हुन्छ ।

बिजुली जानु अब कुनै अनौठो घटना होइन । 'लोडसेडिङ' को आदत हामीलाई यति गहिरो परेको छ कि अँध्यारो देख्नेबित्तिकै बत्ती फर्किने आशामा आँखाले घडी हेर्छ, कानले ट्रान्सफर्मरको आवाज सुन्छ र मनले लामो सास फेर्छ । तर यथार्थ के हो भने, जलस्रोतले भरिएको देशमा पानी बग्छ । तर बत्ती बल्दैन । कलकारखाना, जुन देशको अर्थतन्त्रको मेरुदण्ड हुन सक्थे, अन्धकारले घिसार्दै लगेको हुन्छ । जब मोटर चल्दैन, जब मेसिन थपक्क थन्किन्छ, तब रोजगारीको रेखा मेटिँदै जान्छ । हजारौं हात बेरोजगार भई घर फर्किन्छन् । अनि यति धेरै पानी भएर पनि देशको उत्पादन खडेरीले सुकेझैं सुख्खा भएर सुक्छ । अन्धकारको आधिपत्यले काम तमाममा बाधा पार्छ । आज सकिने काम भोलि हुन पनि मुस्किल पर्छ । समय त्यत्तिकै खेर जान्छ । मान्छे अल्छीको दास हुन पुग्छ । सिर्जनशीलता मर्न थाल्छ । उत्साहमय ऊर्जामा माकुराले जालो हाल्छ । कार्यालयका फाइलहरू अड्किन्छन्, कम्प्युटरका स्क्रिनहरू अन्धकारमा हराउँछन् । निर्णयहरू ढिलाइ हुन्छन्, नीति बनाउनेहरू निष्क्रिय हुन्छन् । अनि यो शून्यताभित्र इन्भर्टरको व्यापार एक व्यापार चम्किन्छ ।

क्रमश: पृष्ठ....३

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

| मकवानपुर प्रहरी | | एम्बुलेन्स सेवा | |
|---|---|---|---|
| प्रहरी कन्ट्रोल: | १०० | नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| जिल्ला ट्राफिक: | ५२०५९९ | हेटौंडा अस्पताल: | ५२०३०५ |
| वडा प्रहरी: | ५२०२९९ | परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| पशुपतिनगर इलाका: | ५२०५९८ | मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| पालुङ इलाका: | ६२०४६७ | छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| मनहरी इलाका: | ९८५५०९०१६१ | भीमफेदी रेडक्रस: | ६२०६९९ |
| इलाका फापरबारी: | ६२१९८० | पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| इलाका भीमफेदी: | ६९१४६२ | बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ | सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९१९४ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ | बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| चित्लाङ चौकी: | ६९२००० | बारुण यन्त्र: | १०१ |
| चौघडा चौकी | ९८४४०५४६०४ | बाल हेल्पलाइन नेपाल: | १०९८ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ | माइती नेपाल: | ५२१०५० |
| फाखेल चौकी: | ९८४५०३१३९८ | अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ | | |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०८२ जेठ २८ गते बुधबार ११ जुन २०२५ । पूर्णिमा, जेष्ठ शुक्लपक्ष । तछलाध्व ११४५ ने.सं. । सूर्योदय ५:९, सूर्यास्त ६:५८ ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| मेष | : सञ्चित धन खर्च हुनेछ | तुला | : सहमतिका कार्यहरु हुनेछन् |
| वृष | : आफन्तले कुरा काट्नेछन् | वृश्चिक | : नयाँ कार्य सम्पन्न हुनेछ |
| मिथुन | : आत्मविश्वास बढ्नेछ | धनु | : प्रतिभाका कार्यमा सफलता मिल्नेछ |
| कर्कट | : आफन्तको सहयोग मिल्नेछ | मकर | : सन्तानबाट सन्तोष मिल्नेछ |
| सिंह | : मान, प्रतिष्ठा बढ्नेछ | कुम्भ | : विवाद पर्न सक्नेछ |
| कन्या | : कार्यमा सफलता मिल्नेछ | मीन | : दाम्पत्य सुख मिल्नेछ |

# फाइभजीमा विश्व दौडिसक्यो, नेपालको कछुवा गति




काठमाडौं/दक्षिण एसियाली मुलुकुहरूले फाइभजी प्रविधि भित्र्याएर कायापलट गरिरहेका बेला नेपालमा भने फाइभजी प्रविधि परीक्षण गरेको २ वर्ष बितिसक्दा पनि प्रगति भने कछुवा गतिमा छ । तर अहिलेसम्म यो प्रविधि नेपालमा लागु गर्न सकेको छैन । नेपाल दूरसञ्चार प्राधिकरणले विश्व बजारमा परीक्षणमा रहेको फाइभजी भित्र्याउन सक्ने वातावरण बनाउन विभिन्न तयारी गरे पनि टेलिकम अपरेटरहरूले यसबारेमा कुनै चासो देखाएका छैनन् ।

उनीहरूले बरू टेलिकमको नवीरकरण चार्ज, लगानी र नाफामा भारी गिरावटका कारण फाइभजी प्रविधि भित्र्याउन अप्ठेरो मानिरहेको बहानाबाजी गरिरहेका छन् । अझ मुख्य कुरा त प्रविधि भित्र्याउने नाममा टेलिकम क्षेत्रमा चरम रुपमा भ्रष्टाचारले डेरा जमाएको छ भने राजनीतिक रुपमा नीति नै नभएको जानकारहरूको भनाइ छ । यसले पनि फाइभजी प्रविधि नेपाल भित्र्याउन मुस्किल परिरहेको अवस्था छ । नेपालमा २ वर्ष पहिले ७ सय, ८ सय, ९ सय, १८ सय, २३ सय, २६ सय र ३३ सय मेगाहर्ज ब्यान्डका हाल प्रयोगमा रहेका फ्रिक्वेन्सीमा प्रविधि तटस्थता (टेक्नोलोजी न्युट्रल)मार्फत फाइभजी परीक्षण गरिएको नेपाल दूरसञ्चार प्राधिकरणले जनाएको छ ।

उच्च गतिको इन्टरनेट सुविधासहित यो प्रविधिको लागि उपयुक्त फ्रक्वेन्सी लगायतका पक्षमा पनि प्राधिकरणले अध्ययन गरेर फाइभजीका लागि फ्रिक्वेन्सी दिन तयार रहेको प्राधिकरणका फ्रिक्वेन्सी हेर्ने निर्देशक प्रदीप पौडेल बताउँछन् । उनका अनुसार प्राधिकरणले विज्ञमार्फत फाइभजी प्रविधि, लगानी, सम्भावित प्रयोगको सम्भावना, प्रतिफल, ब्यापार, पूर्वाधार, नियमन लगायतका पक्षमा अध्ययन गरिएको छ भने विश्व बजारको फाइभजी प्रचलन नेपाल ल्याउन सकिने वातावरणसमेत तयार भइसकेको छ ।

**फाइभजी सेवाका लागि बाटो खुला : प्राधिकरण**

टेलिकमको नियामक निकाय नेपाल दूरसञ्चार प्राधिकरणले फाइभजीका लागि सधैं बाटो खुल्ला गरेको बताएको छ । प्राधिकरणका फ्रिक्वेन्सी हेर्ने प्रमुख प्रदीप पौडेलका अनुसार टेलिकम अपरेटरहरूका लागि फाइभजी लिने प्रकिया सधैं खुला राखेको तर सरकारलाई बुझाउने दायित्व रकम दाखिला गर्नुपर्ने बताउँछन् । उनी भन्छन्, 'हामी त फाइभजीको फ्रिक्वेन्सी दिन तम्तयार भएका बसेका छौं । तर अपरेटरहरूले सरकारलाई बुझाउनुपर्ने दायित्व बुझाउनु पर्‍यो ।' उनका अनुसार ओएनसेलले दायित्व स्वरूप २ अर्ब रुपैयाँ बुझाउन बाँकी रहेको छ । सरकारले 'डिजिटल नेपाल'को अवधारणाअनुरुप काम गरिरहेकाले त्यसलाई साकार गर्न फाइभजी प्रविधि बरदान सावित हुन सक्ने उनी बताउँछन् । तर नेपालमा हाल टूजी, थ्रीजी र फोरजी प्रविधि प्रयोगमा छ । फोरजीमा सेवा प्रदायकले अर्बौं लगानी गरेका छन् । त्यो लगानीलाई पनि बचाउने गरी फाइभजीसम्बन्धी नीति ल्याउने सरकारी योजना समपनामै सीमित छ ।

**११ देशमा फाइभजीको व्यवसायिक सुरूवात, नेपालको कछुवा गति**

दक्षिण एसियामा १५० बढी देशहरूले फाकइभजीमा लगानी गरिरहँदा नेपाल भने बल्ल फाइभजीको परीक्षण सकाएको छ । नेपाल टेलिकमले काठमाडौं, पोखरा लगायतका शहरमा फाइभजी परीक्षण गरेर सकाएको नेपाल टेलिकमकी प्रबन्ध निर्देशक संगीता पहाडीको भनाइ छ । उनी भन्छिन्, 'हामीले फाइभजी परीक्षण गरेर सकाएका छौं ।अब फाइभजीबारे पक्रिया थाल्नेछौं ।'

भारत, माल्दिभ्स र भुटानले फाइभजी सेवा सञ्चालनमा ल्याएर २ करोड ७० लाख ग्राहक बनाइसकेका छन् । यसको २३ प्रतिशत पेनिटेरेशन भारत, माल्दिभ्स र भुटानले फाइभजीमा योगदान दिइरहेको छ । तर, नेपाल अझै फोरजीमै अल्झिरहेको छ । यसको मतलब नेपालमा फाइभजीको टेस्ट भएपनि अझै अण्डर प्लानिङमै रहेको देखाउँछ । यस्तै नेपाल जस्तै अण्डरु प्लानिङमा पाकिस्तान रहेको छ । उसले पनि अहिलेसम्म फाइभजी लन्च गर्न सकेको छैन ।

दक्षिण एसियाका ११ देशहरूले त कमर्सियली नै फाइभजीलाई लन्च गरिसकेका छन् । कमर्सियल रूपमा फाइभजीलाई भित्र्याउनेहरूमा भारत, भुटान, म्यानमार, भियतनाम, लाओस्, थाइल्याण्ड, फिलिपिन्स, कम्बोडिया, मलेसिया, सिंगापुर, इन्डोनेसिया, ब्रुनेल आदि छन् । जसमा यी देशहरूले १ करोड ६० लाख ग्राहक बनाइसकेका छन् भने त्यसमध्ये ४ करोड ग्राहकहरूले एफडब्लू नेटवर्क प्रयोग गर्ने गर्दछन् ।

फिलिपिन्स त झन सन् २०१९ मै फाइभजी भित्र्याएर आफूलाई अब्बल साबित गरिसकेका छन् भने सिंगापुरले पनि सन् २०२०बाट प्रविधिमा आफूलाई थप शसक्त बनाएर नयाँ अनुसन्धानमा योगदान दिइरहेको छ । हुवावेका फाइभजी बिजनेस सोलुशन म्यानेजर प्रभात रेग्मी भन्छन्, 'अब पनि हामीले फोरजीबाट फाइभजीमा नगए प्रविधिमा निक्कै पछाडि पर्छौं ।' उनका अनुसार एसियाका ११ देशहरूले आफूलाई ५.५ जी प्रविधिमा अपडेट गरिरहेको छ । अब आउने नयाँ प्रविधिमा नेपाल नगए विकासित प्रविधिमा समन्वय गर्न गाह्रो हुने उनको भनाइ छ ।

भारतले सन् २०२२मा फाइभजी सार्वजनिक गरेको थियो भने भुटानले सन् २०२१ मै फाइभजीलाई भित्र्याइसकेको छ । यस्तै श्रीलंकाले सन् २०२२मा फाइभजी ट्राइल गरिरहेको छ भने सन् २०२५मा लन्च गर्ने तयारीमा जुटेको छ । यस्तै बंगलादेश पनि सन् २०२१ देखि ट्रायल गर्दै आउको छ भने सन् २०२५मा फाइभजी सार्वजनिक गर्ने तयारीमा जुटेको छ ।

यस्तै सन् २०२०मै ट्रायल गरेर सन् २०२५ मा लन्च गर्ने तयारीमा कम्बोडिया पनि जुटेको देखिन्छ । यसैगरी म्यानमार पनि सन् २०२३मा फाइभजीको ट्रायल पास गरेर बसेको छ भने भियतनामले सन् २०२४मै फाइभजी लन्च गरिसकेको छ । नेपाल टेलिकमको नाफा घाटामा, फाइभजी प्रभावित हुन सक्ने टेलिकम्युनिकेशन विज्ञ गुणकेशरी प्रधान बताउँछिन् । उनी भन्छिन्, 'फाइभजी महँगो प्रविधि हो । अब टेलिकम अपरेटरहरूको नाफा अहिले ओटीटीका कारण घटेको रिपोर्ट छ । यसले पनि फाइभजी ल्याउनमा केही समस्या हुन सक्छ ।' उनले फाइभजीमा सरकार र नियामक निकाय मिलेर फाइभजीका भित्र्याउन सहयोग गर्नुपर्नेमा जोड दिइन् ।

'सरकार, टेलिकम अपरेटरहरू र टेलिकम नियामक निकायले समन्वय गरेर नेपालमा चाँडै फायभजी ल्याउने वातावरण बनाउन जरूरी छ । प्रचार मात्रै बढी भयो । अब त फाइभजी ल्याउन धेरै ढिला भइसक्यो ।' उनले संचारकर्मीसँग भनिन्, ' यसमा टेलिकम अपरेटरहरूले सरकारसँग लगानी, नेटवर्क र उपकरणहरू खरिदमा संयमता अपनाउनु पर्छ ।किनकी अहिले टेलिकम क्षेत्रमा निक्कै भ्रष्टाचार मौलाएको छ ।'

यता, सरकारी स्वामित्वको नेपाल टेलिकमको खुद नाफा ४८.६७ प्रतिशतले ओरालो लागेको छ । टेलिकमले गत आवको तेस्रो त्रैमासमा रु पाँच अर्ब ५३ करोड ७५ लाख ६२ हजार खुद नाफा आर्जन गरेको थियो । चालु आवको सोही अवधिमा टेलिकमको खुद नाफा रु दुई अर्ब ६९ करोड ५२ लाख ७३ हजारले घटेर रु दुई अर्ब ८४ करोड २२ लाख ८९ हजारमा सीमित भएको छ । टेलिकमको चालु लगानी र नगद तथा नगदसरहको रकम हेर्ने हो भने पनि चालु आर्थिक वर्षको तेस्रो त्रैमासिकसम्म उक्त सम्पत्ति करिब रु ३४ अर्बमा झरेको छ । यसले टेलिकमको आर्थिक स्वास्थ्य र चालु सम्पत्तिको अवस्था ओरालो लागेको देखिन्छ ।

टेलिकमले खुद नाफामा आएको कमीको कारणमध्ये एउटा ओभर द टप (ओटिटी) प्लेटफर्मअर्थात् म्यासेन्जर, भाइबर, ह्वाट्सएप, इमेललगायत उल्लेख गरेको छ । ओटिटीको बढ्दो प्रयोगले टेलिकमको भ्वाइस र एसएमएसबाट हुने आम्दानीमा उल्लेख्य गिरावट आएको टेलिकमको भनाइ छ । साथै ग्लोबल सिस्टम फर मोबाइल कम्युनिकेसन (जिएसएम) को अनुमतिपत्र नवीकरणका लागि एकमुष्ठ रु २० अर्ब भुक्तानी गर्नुपरेको र प्रतिस्पर्धी इन्टरनेट सेवाप्रदायक (आइएसपी) हरूले मोबिलिटी गरी वाइफाई सेवा दिइरहेकाले मोबाइलको डाटा खपतमा उल्लेख्य कमी आउँदाको असर नाफामा परेको टेलिकमले जनाएको छ । यी समस्याका कारण कम्पनीले सेवा विस्तार गर्न, नयाँ प्रविधिमा लगानी गर्न तथा समग्र सेवा सञ्चालन गर्न खर्च व्यवस्थापनका हिसाबले दीर्घकालीन रूपमा फाइभजी ल्याउन चुनौती थपेको छ ।

'ओटीटी सेवाहरूको बढ्दो प्रयोगका कारण विदेशबाट हुने आगमन कलको परिमाणमा असर परेकाले अन्तरआबद्धता आयमा गत आर्थिक वर्षको तेस्रो त्रैमासिकसम्मको तुलनामा करिब रु ५३ करोड ५५ लाख ६६ हजार अर्थात् २२ दशमलव ३७ प्रतिशतले कमी आएको छ । ओटिटी सेवाले कम्पनीको समग्र भ्वाइस र एसएमएस सेवाको आयमा नकारात्मक प्रभाव परिरहेको छ', नेपाल टेलिकमले उल्लेख गरेको छ ।

नेपाल टेलिकमको मात्रै नभई पछिल्ला केही वर्षयता टेलिकम सेवाप्रदायक एनसेलको आम्दानीमा पनि उल्लेख्य कमी आएको दूरसञ्चार प्राधिकरणको तथ्याङ्क छ । सञ्चालनमा रहेका दुईवटा टेलिकम कम्पनीको आम्दानी आर्थिक वर्ष २०७४/७५ मा रु ९८ अर्ब ७१ करोड पुगेको थियो । दूरसञ्चार प्राधिकरणका अनुसार आव २०७९/८० मा आइपुग्दा टेलिकम सेवाप्रदायकको आम्दानी करिब २६ प्रतिशतले ओरालो लागेर रु ७३ अर्ब १४ करोडमा सीमित भएको छ ।

टेलिकम कम्पनीहरुको आम्दानी घट्नुको अर्को कारण अत्यधिक करसमेत भएको नेपाल टेलिकमका सहप्रवक्ता नविनकुमार मिश्रले बताए । 'पुरानो नीति, ओटिटी प्लेटफर्म, वाइफाई हटस्पट र नवीकरण शुल्क बढीका कारण असर परेको छ । साथै विभिन्न शीर्षकमा लिइने राजस्वका कारण पनि टेलिकम कम्पनीहरूको आम्दानीमा असर परेको छ', उनले भने ।

टेलिकम कम्पनीहरूले १३ प्रतिशत मूल्य अभिवृद्धि कर बाहेक १० प्रतिशत सेवा शुल्क र दुई प्रतिशत स्वामित्व कर बुझाउनुपर्ने जनाउँदै सहप्रवक्ता मिश्रले यसो गर्दा कूल २१ दशमलव दुई प्रतिशत करमा जाने उल्लेख गरे । 'त्यसबाहेक स्पेक्ट्रम शुल्क, रोयल्टी शुल्क र ग्रामीण दूरसञ्चार कोषमा बुझाउनुपर्ने चार प्रतिशत रकम कटौती गर्दा रकम ३८ प्रतिशत र कम बचत हुन्छ । त्यसबाट लागत कट्टा, वित्तीय खर्च, अनुमतिपत्र नवीकरण शुल्क र किस्ता ऋणको तिर्दा औसतमा आठ प्रतिशत मात्रै रकम बाँकी रहन्छ । त्यसमा पनि संस्थागत कर तिरेपछि पाँच प्रतिशत रकमलाई नाफा मान्न सकिन्छ', उनले भने ।

*(स्रोत: अनलाइनखबर)*

# 'सोल्टिनी'को 'सत्य जुगैको' गीतमा प्रकाश र परीक्षाको मारुनी नाच



काठमाडौं/आगामी असोज ३ गते (संविधान दिवस)बाट प्रदर्शनमा आउने तयारीमा रहेको फिल्म 'सोल्टिनी'को पहिलो गीत 'सत्य जुगैको' सार्वजनिक गरिएको छ । मारूनी भाकाको गीतमा प्रशान्त सिवाकोटी र अस्मिता अधिकारीको स्वर तथा गायक सिवाकोटी स्वयंको संगीत र शब्द रचना छ । यो गायिका अधिकारीले गाएको पहिलो मारूनी गीत हो ।

भोजपुरमा छायांकन गरिएको गीतको भिडियोमा फिल्मका मुख्य अभिनेता प्रकाश सपूत र अभिनेत्री परीक्षा लिम्बूसँगै कलाकारहरु सुन्दर घिताल र सब्बु गुरुङ नृत्य गर्दै देखिएका छन् । मेलामा भेट भएका सोल्टी-सोल्टीनीबीचको प्रेमलाई भिडियोमा उतारिएको छ । प्रकाशको जोडीको रुपमा परीक्षा प्रस्तुत छिन् । भिडियोका कोरियोग्राफी मौसम हिमाली हुन् ।

अर्जुन सुवेदीको निर्देशनमा तयार भएको फिल्ममा विल्सन विक्रम राई, रवीन्द्र झा, प्रकाश घिमिरे, प्रेम सुब्बा, कविता आले, सुजन खतिवडा लगायतको पनि अभिनय रहेको छ । अर्जुन सुवेदी र कुमार भट्टराईको लेखन रहेको फिल्मले जातीय भेदभावका विरुद्ध आवाज उठाउँदै दुई प्रमुख पात्रको प्रेमकथा प्रस्तुत गर्ने जनाइएको छ ।

फिल्मका गीतहरूमा संगीत प्रशान्त सिवाकोटी र हर्कुलस बस्नेतले दिएका छन् भने छायांकन सुशन प्रजापतिको रहेको छ । प्लानेट थ्री फिल्म्स र योलो इन्टरटेन्मेन्टको सहकार्यमा बनेको फिल्मका निर्माताहरू रेजिना बिस्ट र संसार चौलागाईं हुन् ।

# 'सिटामोल'मा अपाङ्गको भूमिकामा सौगात




काठमाडौं/'बुलाकी'बाट लेखनमा राष्ट्रिय अवार्ड जितेका राज बहादुर सानेको निर्देशनमा तयार भएको फिल्म 'सिटामोल'को तीन नयाँ पोस्टर सार्वजनिक गरिएको छ । सोमबार सार्वजनिक पोस्टरले चरित्रचित्रण, पात्रको गेटअप, अवस्था र मुड दर्शाउँदै कथाको सेटिङबारे जानकारी दिन्छ । द्वन्द्वकालीन समयको ग्रामीण परिवेशको कथामा फिल्म आधारित रहेको पोस्टरबाट बुझ्न सकिन्छ ।

एक पोस्टरमा अभिनेता सौगात मल्ल र करण नेपाली (बाल कलाकार) भावुक देखिएका छन् । अभिनेत्री बेनिशा हमाल टोलाएको भावमा चित्रित छिन् । दोस्रो पोस्टरमा सौगात र बेनिशासहित श्री कृष्ण निरौला, जानुका विश्वकर्मा र लोकेन्द्र लेखक आ-आफ्नो पात्र अनुसारको भूमिकामा प्रस्तुत छन् । यसमा कोही खुसी त कोही क्रुद्ध र पीडा भावमा देखिन्छन् ।

तेस्रो पोस्टरमा सौगातलाई मात्रै प्रस्तुत गरिएको छ । उनी बैशाखीको सहारामा कतै हिँडिरहेको देखिन्छ । यसबाट फिल्ममा उनी अपाङ्गता भएको पात्रको भूमिकामा रहेको प्रष्ट हुन्छ । 'सिटामोल'मा उनको श्रीमतीको भूमिकामा बेनिशाले अभिनय गरेकी छन् । यसअघि उनीहरुले 'झ्यानाकुटी'मा सहकार्य गरेका थिए ।

आगामी साउन २३ गतेबाट प्रदर्शनमा आउने तयारीमा रहेको फिल्ममा भुगोल कार्की, हिउँवाला गौतम, सुशील पोखरेल, दिनेश रेग्मी, आरआर खड्का, ज्ञानु मल्ल, पवन भट्टराई, काजल भुजेल, आराध्या राज्यलक्ष्मी डिसी (बाल कलाकार) लगायतको अभिनय छ । प्रदीप भारद्वाज र निर्देशक सानेको संयुक्त रुपमा फिल्मको स्क्रिप्ट लेखेका हुन् ।

सिमोस सुनुवारको प्रस्तुति रहेको फिलममा भुगोल कुमार कार्की र विकाश राज जोशी निर्माता तथा अप्सरा नेपाली, अजय मल्ल र कुमार केसी कार्यकारी निर्माता तथा गंगाराम श्रेष्ठ सह-निर्मातामा छन् । यसमा दिव्यराज सुवेदीको छायांकन, बाबुल गिरीको संगीत, कविराज गहतराजको कोरियोग्राफी, बन्दे प्रसादको सम्पादन तथा देव महर्जन र शंकर महर्जनको द्वन्द्व निर्देशन छ ।

पतञ्जलि जगगा प्रकरण:

# पूर्वप्रधानमन्त्री माधव नेपाल कहिलेसम्म पुग्नुपर्छ विशेष अदालत ?



काठमाडौं/पतञ्जलि जग्गा प्रकरणमा भ्रष्टाचार गरेको आरोप लगाउदै अख्तियार दुरुपयोग अनुसन्धान आयोगले गत बिहिबार पूर्वप्रधानमन्त्री माधवकुमार नेपाल सहित ९३ जना विरुद्ध भ्रष्टाचार मुद्दा दायर गर्‍यो । मुद्दा दायर भएसँग पूर्वप्रधानमन्त्री नेपालको सांसद पद निलम्बित भएको छ । अख्तियारले मुद्दा दायर गरिसकेकाले अबको प्रक्रिया विशेष अदालतले अघि बढाउनुपर्छ ।

'मुद्दा दर्ता भइसकेपछि काठमाण्डौं उपत्यकाभित्रका प्रतिवादीहरुको हकमा विशेष अदालतबाट नै म्याद तामेल हुन्छ', विशेष अदालतका सूचना अधिकारी यज्ञराज रेग्मीले भने, 'उपत्यका बाहिर गएर म्याद तामेल गर्ने हाम्रो जनशक्ति छैन, सम्बन्धित जिल्ला अदालतको सहयोग लिनुपर्छ ।' तर, दैनिकजसो मुद्दा दायर भइरहेको, सीमित जनशक्ति लगायतका कारण पतञ्जलिको मुद्दामा म्याद तामेल गर्ने काम शुरु हुन नसकेको र त्यसका लागि केही दिन लाग्ने रेग्मीले बताए ।

अदालतले आरोपितहरुको घर पत्ता लगाएर सम्बन्धित व्यक्ति वा उनी नभए परिवारको सदस्यलाई म्याद बुझाउँछ । अदालतले म्याद बुझाउनु भनेको मुद्दाको बारेमा सम्बन्धित पक्षलाई औपचारिक रुपमा जानकारी दिएको प्रमाण समेत हो । घरमा कसैले म्याद बुझ्न नमानेमा वडा कार्यालयको रोहवरमा सार्वजनिक स्थानमा म्याद टाँसिन्छ । मुद्दा लागेको व्यक्ति स्वयं विशेष अदालतमा पुगेर पनि म्याद बुझ्न सक्छ । घरमा तामेल वा अदालतमा म्याद बुझेको १५ दिनसम्म आरोपितले अदालत उपस्थित हुने सहुलियत पाउँछन् ।

विशेष अवस्थामा थप १५ दिन त्यस्तो सुविधा उपलब्ध हुन्छ । अनि अदालतले प्रारम्भिक सुनुवाईपछि आरोपितलाई थुनामा राख्ने, धरौटी माग्ने वा सामान्य तारिखमा छाड्ने निक्यौल गर्छ । सबै आरोपितहरुकोमा म्याद तामेल भएपछि मात्रै मुद्दाको प्रक्रिया अघि बढ्छ ।

# बिजुली गइरहने...

इन्भर्टरको माग आकाशिन्छ । बजारमा यिनको मोल झनै महँगो हुन्छ, नाफा उठाउँछ । जसको बिजुली नहुनुमा प्रत्यक्ष लगानी छैन, तर उसैले पूरा लाभ उठाउँछ । इनभर्टर आयातकर्ता, व्यापारी र विदेशी कम्पनीहरू अन्धकार बेच्न पाएर मुस्कानमा हुन्छन् । परन्तु घाटा कसको ? घाटा त्यो किसानको, जसको ट्युबवेल बिजुली नपाएर थलिन्छ । घाटा त्यो विद्यार्थीको, जसको किताब टुकीको उज्यालोमा मुस्किलले देखिन्छ । घाटा त्यो युवाको, जसले इन्टरनेटको भरमा नयाँ ज्ञान सिक्न चाहन्छ । घाटा त्यो साना-मझौला उद्योगीको, जसले न रोजगारी दिन सक्यो, न फाइदा उठाउन पायो । घाटा त्यो राष्ट्रको, जसको गर्व थियो- 'हामी जलस्रोतमा धनी छौं ।'

अन्तत: धन त छ, तर व्यवस्थापनको अभाव छ । स्रोत त छ, तर सोचको अपुग छ । खोलाहरू त बगिरहेका छन्, तर हाम्रो नेतृत्वमा चेतनाको निकास छैन । यद्यपि गफको कमी छैन । कोही भन्छन्- लोडेसडिङ भारतले हटाएको हो । कसैले जश नलिए हुन्छ । कोही भन्छन्- लोडसेडिङ मेरै कारणले हटेको हो, यसमा कसैले मैले हटाएको भनेर झुटो नबोले हुन्छ ।

आखिर हामी अन्धकारमा बाँच्न सिक्दै छौं । तर त्यो बचाइ जीवन होइन, अस्तित्वको नाममा आत्मसमर्पण हो । बिजुली बग्ने खोलाहरू, अनि थलिएका उद्योगहरू, सञ्चार सुविधाबाट वञ्चित समुदाय बीच अब प्रश्न उठ्छ । के हामी जलस्रोतका मालिक हौं वा अन्धकारका उपभोक्ता ? जबसम्म उज्यालोका ठेकेदारहरू इन्भर्टर बेच्नेलाई हेरेर देशको नाफा नाप्छन्, तबसम्म अन्धकारकै ऊर्जा चलिरहन्छ । पानी बगिरहन्छ । उज्यालोले अँध्यारोलाई ज्योर्तिमय पार्ने दिन टाढिँदै जान्छ ।

नेपाल जलका स्रोतले भरिपूर्ण, तर प्यासले प्याकप्यात्ती जनताको पीडामा डुबेको एक अनौठो देश । खोलानाला विनारोकावट बगिरहेका छन्, कहिले त उपत्यकाका कुना-कन्दरामा बेवास्ताजस्तै गरेर झरिरहेका छन् । कहिले ती पहाडका काख चिरेर समथरतिर लम्किरहेका छन् । तर ती सबै बगाइको कुनै उपयोग छैन । न कुनै सिँचाइ, न कुनै सरसफाइ, न कुनै ऊर्जा । सत्तामा बस्नेहरूका योजनाको अभाव, सोचको संकुचन र कामको कमजोरीले ती पानीका धाराहरू केवल बग्ने रमिता बन्न पुगेका छन् । कति ठाउँमा बगाएर प्रकृति र जीवनकै विनाश पनि गरेका छन् ।

रमणीय, सुन्दर तालहरू छन् । तर सुन्दरतालाई कामको उपयोगमा बदल्न नसक्दा, ती पनि बस तालमै जमिरहेका छन् । मेची, कोशी, गण्डकी, कर्णाली ती गड्गडाउने छालहरू हामीलाई स्मरण गराउँछन् कि हामी पानीमा धनी हौं । तर ती नदीनालामा बगेका अवसरहरू, योजनाहीनताले बगेका सपनाहरू हुन् ।

यो कस्तो विडम्बना! पानीको देशमा प्यासको त्रास । काठमाडौंका गल्लीदेखि तराईका टोलसम्म पानीको लागि हाहाकार छ । धारामा झर्न नसकेको पानी, ट्यांकरको पानी किनेर ट्यांकी भर्नुपर्ने दिन । सस्तो मूल्यमा न आउँदो पानी अब सुनजस्तै महँगो भइरहेको छ । जब पानी पाइँदैन, प्यास त लाग्ने नै भयो । तर त्यो प्यास मात्र प्यासको होइन, त्यो प्यास हो व्यवस्थाको, त्यो प्यास हो विकासको, त्यो प्यास हो समृद्धिको !

घरभित्र अन्धकार छ । अघोषित 'लोडसेडिङ' ले बालबालिकाको पढाइ रोकिएको छ, अस्पतालमा औजार चल्दैनन्, उद्योग ठप्प छन्, अनि जनताको धैर्यताको परीक्षा लिइरहिएको छ । यस्तो अवस्थामा हामी विकसित देशको उकालो फड्को मार्दैछौं कि पाषाण युगतिर ओरालो झर्दै छौं ? के हामी यत्तिकै सहिरहने हो ? खोला बग्दाबग्दै अर्कैको जलसम्पदा हुन पुगेका छन् । तालको पानी थुनिँदै थुनिएर सुक्न थालेको छ । जनताको प्यास झन्-झन् तिखारिँदै गएको छ । खै, कहिले आउला त्यो दिन जब खोलानालाको बगाइ योजनामा बाँधिनेछ ? तालको पानी उपयोगको निम्ति चलाइनेछ ? बिजुलीले घरघरमा उज्यालो दिनेछ ? जनताको अनुहारमा साँचो अर्थमा उज्यालोको सौन्दर्यमय सन्तुष्टि झल्किनेछ ? रोकिएका कामहरू सुचारु हुनेछन् । सर्वत्र खुशीको उत्सव मनाइनेछ ।

नेपालले आफ्नो पानी चिन्नुपर्छ स्रोत होइन, शक्ति हो यो । त्यो शक्तिबाट जनताले प्रत्यक्ष फाइदा लिन सक्दा सार्थक हुन्छ । अन्यथा पानीको देशमा प्यास सधैं एक त्रासदीको कथा बन्दै जान्छ । बिजुली गइरहने देशको पहिचानमा विश्वमै लाजमर्दो नाम कायम रहन्छ ।

*(साभार: न्यूज अफ नेपाल)*

# 'एक्लो'मा सुनिल थापा 'यम राजा'




काठमाडौं/प्रदर्शन मिति घोषणा नहुँदै फिल्म 'एक्लो'का मुख्य कलाकारहरूको श्रृंखलाबद्ध रुपमा क्यारेक्टर लुक्स सार्वजनिक भइरहेको छ । प्रदीप खड्का, विजय लामा, दीया पुन, बनिशा हमाल, कविता नेपाली, सुरज सिंह ठकुरी र जेमी बेकन (बेलायती अभिनेता)पछि सोमबार सुनिल थापा र एवन राज उप्रेतीको लुक्स पोस्टर सार्वजनिक गरिएको छ । पोस्टरमा उनीहरूको गेटअप पृथक देखिन्छ ।

सुनिल थापालाई राजा यमको रूपमा चिनाइएको छ । सिंहासनमा बसेका उनले गलामा रुद्राक्षको माला र शिरमा दुईवटा सिङ भएको मुकुट लगाएका छन् । मुकुटमा आगो बलेको देखिन्छ । अर्को पोस्टरमा एवन राजलाई बारास्टिर पात्रको रुपमा चिनाइएको छ । उनी क्रोधित मुद्रामा देखिएका छन् । उनको गेटअप हेर्दा फिल्ममा उनी नकारात्मक भूमिकामा रहेको अनुमान गर्न सकिन्छ ।

साइन्स फिक्सनमा आधारित रहेर निर्माण भएको फिल्मलाई प्रदीप शाहीले लेखन तथा निर्देशन गरेका हुन् । उनको यो तेश्रो निर्देशकीय फिल्म हो । हाल फिल्मको लण्डनमा पोस्ट प्रोडक्सनको कार्य भइरहेको छ । केही हप्ताअघि 'एक्लो'का निर्माताले विश्व प्रतिष्ठित 'कान्स फेस्टिभल'मा स्टल राखेर फिल्मको मार्केटिङ गरेका थिए । त्यसका लागि ५० लाखभन्दा बढी खर्च गरिएको थियो ।

'एक्लो'का निर्माताहरू राजुकुमार गुरुङ, हरि श्रेष्ठ, विष्णु तामाङ, उत्सव विष्ट, भाइराजा थापा, नवीन सिवा र बागवीर पुन हुन् भने कार्यकारी निर्मातामा विनोद सुवेदी 'क्षितिज' रहेका छन् । बाबु श्रेष्ठको छायाङ्कन रहेको फिल्ममा राजु तामाङको द्वन्द्व निर्देशन, राजु पेन्टरको सेट डिजाइन तथा सन्तोष लामाको कला निर्देशन छ । फिल्मलाई यही वर्षको अन्त्यसम्म प्रदर्शन गर्ने लक्ष्य राखिएको छ ।

**के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?**

*Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark*

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

Printer Shop

*The complete office solution*

*Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4*

*tonerhouse_htd@yahoo.com*

### अपराध नै हुन नदिनु प्रहरीको प्रमुख कर्तव्य: प्रदेश प्रहरीप्रमुख पौडेल

# हेटौंडा बजारमा झोला तान्नेलाई तुरुन्त कारवाही गर्न निर्देशन

साझाकुरा संवाददाता

हेटौंडा, २६ जेठ/ बागमती प्रदेश प्रहरीप्रमुख प्रहरी नायवमहानिरीक्षक अरुण पौडेलले अपराधको अनुसन्धान गर्नुभन्दा अपराध नै हुन नदिनु प्रहरीको प्रमुख कर्तव्य भएको बताएका छन् ।

सोमबार हेटौंडा-११ थानाभञ्याङस्थित प्रदेश प्रहरी कार्यालयमा आयोजित सञ्चारकर्मीसँग परिचयात्मक कार्यक्रममा उनले समाजमा अपराध नै हुन नदिन प्रहरी समुदाय साझेदारी कार्यक्रमलाई अगाडि बढाइरहेको बताए । प्रहरीप्रमुख पौडेलले प्रहरीले मात्रै अपराध नियन्त्रण गर्न नसकिने भन्दै हरेक समुदायको साथ सहयोग जरुरी रहेको बताए । जिल्ला प्रहरी कार्यालयसँगको समन्वयमा जिल्लाका विभिन्न ठाउँमा यस्ता कार्यक्रम भइरहेको उनको भनाई छ । अपराधको प्रकृति अनुसार अनुसन्धान गरी संलग्नलाई कानुनी दायरामा ल्याउने काम भएको उनले बताए ।




प्रदेश प्रहरीप्रमुख पौडेलले समाजमा विभिन्न बहानामा हुने गुण्डागर्दीलाई नियन्त्रण गर्न प्रहरी निर्मम भएर लाग्ने बताए । अपराधको नियन्त्रण र न्युनीकरणको लागि प्रदेश प्रहरीले आफ्नै सक्रियतामा र मातहातका कार्यालयहरुको सहकार्यमा समाजमा जनचेतनामुलक कार्यक्रम गरिरहेको रहेको उनले जानकारी दिए । प्रदेश प्रहरी प्रमुख पौडेलले ट्राफिक दुर्घटना न्युनीकरणलाई केन्द्रबिन्दुमा राखेर काम गर्नुपर्नेमा जोड दिए । दिनँहुजसो सडक दुर्घटनामा धेरैले ज्यान गुमाउनु परेको भन्दै उनले ट्राफिक दुर्घटना न्युनीकरणमा विशेष ध्यानदिन जिल्ला ट्राफिक कार्यालयलाई निर्देशन दिइसकेको बताए ।

प्रहरीप्रमुख पौडेलले हरेक जनताले गुनासोलाई सम्बोधन गर्ने गरी प्रहरीले काम गर्ने प्रतिबद्धता व्यक्त गरेका छन् । सहरीक्षेत्रमा घटना घटेको १० मिनेटमित्र पुग्न उनले मातहातका निकायलाई निर्देशन दिए । सीमानाकामा हुने भन्सारछलीका घटनामा प्रहरीले कठोर कदम चाल्ने उनले बताए । प्रहरीप्रमुख पौडेलले हेटौंडाको मुख्यबजारमा झोला तान्ने, यात्रुलाई दु:ख दिने व्यक्तिलाई तुरुन्त कारवाही गर्न प्रहरी कार्यालय र ट्राफिक कार्यालयका प्रमुखलाई निर्देशन दिएका छन् ।

कार्यक्रममा प्रहरीप्रमुख पौडेलले समाजमा शान्तिसुरक्षा कायम गर्न प्रदेश प्रहरी प्रतिबद्ध रहेको दाबी गरेका छन् । उनले अपराधको रोकथाम, नियन्त्रण र प्रभावकारी अनुसन्धान गरी जनताले सुरक्षाको अनुभुति गर्ने गरी प्रहरीले काम गरिरहेको बताए । समाजमा शान्तिसुव्यवस्था कायम गर्न प्रहरीले ट्राफिक व्यवस्थापन, भिडनियन्त्रण, भिआइपी, भिभिआइपीको सुरक्षाको प्रबन्ध, विपद् व्यवस्थापन लगायतलाई प्राथमिकतामा राख्ने गरेको उनको भनाई छ । प्रहरी प्रमुख पौडेलले अपराधको अनुसन्धान गर्नुभन्दा अपराध नै हुन नदिन प्रहरी समुदाय साझेदारी कार्यक्रमलाई अगाडि बढाएको जानकारी दिएका छन् ।

कार्यक्रममा जिल्ला प्रहरी कार्यालय मकवानपुरका प्रमुख विश्वराज खड्का, ट्राफिक कार्यालयका प्रमुख बच्चुराम फुँयाल, पत्रकार महासंघ बागमती प्रदेशका अध्यक्ष कृष्ण सारुमगर, संस्थापक अध्यक्ष प्रतात विष्ट, जिल्ला अध्यक्ष बालकृष्ण अधिकारी, पूर्वअध्यक्ष राममणि दाहाललगायतको आतिथ्यता रहेको थियो । बागमती प्रदेश प्रहरी कार्यालयअन्तर्गत उपत्यकाका तीन जिल्ला बाहेक १० जिल्लाका तीन सय ५० प्रहरी इकाइ रहेका छन् । साथै १२ वटा लोकमार्ग प्रदेश प्रहरी कार्यालयको सुरक्षा जिम्वारीमा रहेका छन् ।

# स्थानीय पाठ्यपुस्तकको विषयमा छलफल र सुझाव संकलन

साझाकुरा संवाददाता

हेटौंडा, २६ जेठ/ मकवानपुरको कैलाश गाउँपालिकाले कक्षा ४ र ५ को स्थानीय पाठ्यपुस्तक हाम्रो कैलाशको विषयमा सरोकार वालापक्षसँग छलफल तथा सुझाव संकलन गर्नुका साथै गाउँशिक्षा योजना मस्यौदाको कार्यशाला गोष्ठी गरेको छ ।



सोमबार गाउँपालिका उपाध्यक्ष बालकुमार मल्लको अध्यक्षतामा भएको कार्यक्रममा शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयका पूर्वसहसचिव कृष्णप्रसाद घिमिरेको प्रमुख आतिथ्यता रहेको थियो । कार्यक्रममा पूर्वसहसचिव घिमिरेले विद्यालयका प्रअहरु पनि एउटा पाठ्यक्रम हुन् । यहाँहरुले नेतृत्वदायी भूमिका शिक्षकले निभाउनुपर्ने बताए । आफ्नो गाउँपालिकाको विषयवस्तु र अवस्थाबारे थाहा पाउनको लागि पाठ्यपुस्तक बनाएर विद्यार्थीको ज्ञान, क्षमता अभिवृद्धितर्फ लाग्नुभएको प्रति गाउँपालिकालाई धन्यवाद दिँदै उनले बालबालिकाले आफ्नो पालिकाभित्रका भाषा, धर्म, संस्कृति, पर्व लगायत धार्मिक तथा पर्यटनक्षेत्रको बारे ज्ञान लिनसक्ने बताए ।

कार्यक्रममा पाठ्यपुस्तकका लेखक एवम् पाठ्यक्रम विकास केन्द्रका निर्देशक दिनानाथ गौतमले कक्षा ४ र ५ को पुस्तकमा समेटिएका विषयवस्तुबारे प्रस्तुत गरेका थिए । कक्षा ४ को पुस्तकमा कैलाश गाउँपालिकाको पृष्ठभूमि, गाउँपालिका भित्रका कला संस्कृति, चाडपर्व, जातजातीय संस्कार, प्राकृतिक वन र वातावरण, वन्यजन्तु, जीव जनावर, वनस्पति, जडिबुटी, कृषि, मसलाबाली, अन्नबाली, नगदेबाली, पशुपालन, धार्मिक तथा पर्यटकीय स्थलको परिचय, कैलाशमा उत्पादन मूलक घरेलु उद्योगका विषयवस्तु समेटिएको लेखक गौतमले बताए ।

त्यस्तै कक्षा ५ मा पनि सोही विषयवस्तु समेट्दै स्थानीयस्तरमा पाइने वन्यजन्तुको नाम र संरक्षण, अन्नबाली अन्तरगत मकै, गहुँ, कोदो खेती लगाउने तरिका, गाई, बाख्रापालनको तरिका साथै कृषिक्षेत्र र सहकारीको विषयवस्तु पनि समेटिएको उनले बताए । गाउँशिक्षा योजना मस्यौदाको विषयमा विज्ञ तोयाप्रसाद अम्मैले गाउँशिक्षा निर्माणको आवश्यकता, औचित्य र प्रक्रियाबारे प्रस्तुतीकरण गरेका थिए । कार्यक्रममा गाउँपालिका उपाध्यक्ष मल्लले स्थानीय पाठ्यक्रमले सम्रग कैलाशलाई पढ्न सकिने बताए ।

कक्षा ६, ७ र ८ का पुस्तक यही शैक्षिक सत्रदेखि विद्यालय पुगिसकेका छन् अब ४ र ५ को तयार हुने उनले बताए । कार्यदलले तयार पारेको शिक्षा योजनामा सुझाव दिन उनले सबैलाई आग्रह गरेका छन् । कार्यक्रममा गाउँशिक्षा योजना मस्यौदा कार्यदलका संयोजक एवम् सामाजिक विकास समितिका संयोजक वडा २ का वडाध्यक्ष राजेन्द्र घिसिङ, गाउँ शिक्षा समितिका सदस्य निर्मला सिन्तान, भवानी माविका प्रअ बालचन्द्र मल्ललगायतले भनाई राखेका थिए ।

कार्यक्रममा वडा नम्बर १ का वडाध्यक्ष तेजबहादुर ब्लोन, ३ का वडाध्यक्ष देवलाल बल, ७ का वडाध्यक्ष उदासकुमार भोलन, ८ का वडाध्यक्ष आशिश प्रजा, ९ का वडाध्यक्ष भूवनसिं घलान, शिक्षा शाखाप्रमुख समीर जोशी, कैलाश गाउँपालिका सामूदायिक विद्यालयका प्रअहरु, बालक्लब सञ्जालका प्रतिनिधिको आतिथ्तयता रहेको थियो ।

### स्वर्णलक्ष्मी सहकारीपीडितले मन्त्रालय घेरे

# पीडितको प्रश्न: रविलाई समात्ने सरकारले अरुलाई किन समात्न सकेन ?

साझाकुरा संवाददाता

हेटौंडा, २६ जेठ/ काठमाडौंको कालीमाटीस्थित स्वर्णलक्ष्मी बचत तथा ऋण सहकारी संस्थाका पीडित बचतकर्ताले बागमती प्रदेशको सहकारी तथा गरिबी निवाहरण मन्त्रालय घेराउ गरेका छन् ।




सहकारीलाई समस्याग्रस्त सहकारी घोषणा गर्नुपर्ने मागसहित पीडित बचतकर्ताले सोमबार मन्त्रालय घेराउ गरेका हुन् । सहकारीमा जम्मा गरेको रकम फिर्ता नपाएका बचतकर्ताले मन्त्रालयमा नाराबाजी गर्दै समस्याग्रस्त सहकारी घोषणा गर्न दवाब दिएका हुन् । उनीहरुले एक वर्षअघि पनि मन्त्रालयमा निवेदन दिएको तर, सुनुवाइ नभएको भन्दै दवाब दिन पुन: हेटौंडा आएका हुन् ।

प्रदेश सरकार पीडितको पक्षमा उभिनुको सट्टा समस्याबाट पन्छिन खोजिरहेको पीडितले आरोप लगाएका छन् । १३ हजारभन्दा बढी शेयरसदस्य रहेको यो सहकारीको २ अर्ब ७५ करोड रुपैयाँभन्दा बढी रकम अपचलन भएको छ । प्रदेश सरकारले सहकारीलाई समस्याग्रस्त घोषणा गरेर निक्षेप सुरक्षित गर्नुपर्ने उनीहरुको माग छ । सहकारीको रकम अपचलन गरेको आरोपमा रास्वपाका सभापति रवि लामिछाने थुनामा रहेपनि अन्य आरोपितलाई कारवाही गर्न सरकारले नसकेको भन्दै पीडितले राज्यको मिलोमतो रहेको आशंका गरेका छन् ।

सहकारी तथा गरिबी निवाहरण मन्त्रालयका सचिव पूर्णबहादुर दर्जीले पीडितको मागका आधारमा प्रहरी अनुसन्धान अघि बढेको बताएका छन् । मुद्दा हाल अदालतमा रहेकाले समस्याग्रस्त घोषणा गर्न मिल्ने नमिल्नेबारे विज्ञहरुसँग आवश्यक छलफलपछि मात्रै भन्न सकिले उनले बताए । मन्त्रालयको सहकारी महाशाखाका अनुसार हालसम्म बागमती प्रदेशमा ५ वटा सहकारी समस्याग्रस्त घोषित भएका छन् ।

नेश्नल नमोबुद्ध बचत तथा ऋण सहकारी संस्था लि. काठमाडौं, लालीगुराँस बचत तथा ऋण सहकारी संस्था लि. काठमाडौं, सुमेरु सेभिङ एण्ड क्रेडिट कोअपरेटिभ लि. ललितपुर, दर्शन बचत तथा ऋण सहकारी संस्था लि. काठमाडौं र सिभिल बचत तथा ऋण सहकारी संस्था लि. काठमाडौं समस्याग्रस्त सहकारी घोषणा भएको छन् ।

बागमती प्रदेशमा रहेका ३ हजार २ सय २९ सहकारीमध्ये जेठ २५ गतेसम्म ३ सय ५१ वटा सहकारीविरुद्ध उजुरी परेका छन् । तीमध्ये ६० वटा प्रहरी अनुसन्धानमा छन् भने १४ वटा सहकारीको अनुसन्धान जिम्मा सीआईबीलाई दिइएको छ ।

# लागूऔषध ओसारपसारमा संलग्न ४ जना पक्राउ

साझाकुरा संवाददाता

हेटौंडा, २६ जेठ/ लागूऔषध ओसारपसारमा संलग्न ४ जनालाई मकवानपुर प्रहरीले पक्राउ गरेको छ । प्रहरीले दुई छुट्टाछुट्टै स्थानबाट उनीहरुलाई पक्राउ गरेको हो ।

प्रहरीले जेठ २५ गते आइतबार राति ११:२० बजेको समयमा हेटौंडाबाट बीरगंजतर्फ जाँदै गरेको बा ३ ख ८३९४ नम्वरको बसमा सवार दुई महिलालाई पक्राउ गरेको जिल्ला प्रहरी कार्यालय मकवानपुरका प्रहरी नायवउपरीक्षक श्यामु अर्यालले जानकारी दिए । पक्राउ पर्नेहरुमा मकवानपुरको कैलाश गाउँपालिका-२ बस्ने ४० वर्षीया फूलमाया स्याङ्वो र ३० वर्षीया निर्मला मोक्तान रहेका छन् । उनीहरुलाई जिल्ला प्रहरी कार्यालय मकवानपुर अन्तर्गत प्रहरीचौकी रातोमाटेबाट खटिएको टोलीले हेटौंडा उपमहानगरपालिका-१५, रातोमाटे चोकबाट पक्राउ गरेको हो ।

बस रोकी चेकजाँच गर्ने क्रममा शंका लागेर झोला खानतलासी गर्दा १० किलो ४०० ग्राम लागूऔषध गाँजा फेला परेपछि निजहरुलाई पक्राउ गरिएको हो । पत्राउ परेका उनीहरुलाई तत्काल नियन्त्रणमा लिई लागूऔषध मुद्दामा अनुसन्धान थालिएको प्रहरी नायवउपरीक्षक अर्यालले बताए । यस्तै, आइतबार दिउँसो करिब साढे १ बजेको समयमा अर्को टोलीले हेटौंडा उपमहानगरपालिका-५, सानोपोखराचोकमा गस्ती गर्दै जाँदा दुईजना पुरुषलाई पक्राउ गरेको छ । पक्राउ पर्नेहरुमा मकवानपुरको बागमती गाउँपालिका-१ निवासी २४ वर्षीय आशिष अधिकारी र वडा नं. २ निवासी २९ वर्षीय विज्ञान डिम्डुङ रहेका छन् । उनीहरुलाई शंकास्पदरुपमा बसिरहेको देखेर खानतलासी गर्दा १६० ट्याब्लेट लागूऔषध ट्रमाडोल बरामद भएपछि पक्राउ गरिएको हो ।

पक्राउ परेका चारै जनालाई लागूऔषध सम्बन्धी मुद्दामा अनुसन्धानको लागि प्रहरीले हिरासतमा राखेको प्रहरी नायवउपरीक्षक अर्यालले बताए । पछिल्लो समय मकवानपुरमा लागूऔषध कारोबारी र सेवनकर्ता बढ्दै गएको पाइएको छ ।

# भूमि आयोग मकवानपुरले समन्वय गर्न तोक्यो फोकल पर्सन

साझाकुरा संवाददाता

हेटौंडा, २६ जेठ/भूमि समस्या समाधान आयोग मकवानपुरले जिल्लामा रहेको भूमिसम्बन्धी समस्या समधानका लागि हरसम्भव प्रयास गरिरहेको बताइएको छ ।



आयोगको नयाँ नेतृत्व आएसँगै जिल्लाका भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीको लामो समदेखिको समस्या समाधनकालागि छलफल, अन्तरक्रिया, समन्वय र सहकार्यलाई द्रुतगतिमा अगाडि बढाएको छ ।

आयोगका अध्यक्ष बलराम बलको अध्यक्षतामा बसेको बैठकले भूमि समस्या समाधानका लागि फोकल पर्सन तोकेर सदस्यहरुलाई जिम्मेवारी प्रदान गर्ने निर्णय गरेको छ ।

बैठकले स्थानीय पालिकासँग समन्वय र सहकार्य गर्ने र द्रुतगतिमा काम अगाडि बढाउने उद्देश्यकासाथ विज्ञ सदस्य अर्जुनप्रसाद चौलागाईलाई हेटौंडा उपमहानगरपालिका, मनहरी, राक्सिराङ र कैलाश गाउँपालिकाको जिम्मेवारी दिने निर्णय गरेको छ । यस्तै सदस्यहरु दिलमाया घर्तीलाई थाहा नगरपालिका, बागमती र भीमफेदी गाउँपालिका तथा अर्का सदस्य कविन साङ्गामीलाई बकैया, मकवानपुरगढी र ईन्द्रसरोवर गाउँपालिकाको जिम्मेवारी दिएको छ ।

बैठकले बागमती गाउँपालिकाबाट प्राप्त ११४ वटा फाईलको स्वामित्व यकिन गर्न मालपोत कार्यालयमा लेखि पठाउने निर्णय गरेको छ । पालिकाबाट प्राप्त विवरणअनुसार भूमिहीन दलित, भूमिहीन सुकुम्बासी हुन् ? कि हाइनन् ? भनेर रुजु गर्न ती फाईल मालपोत कार्यालय पठाउने निर्णय गरेको आयोगकी सदस्य दिलमाया घर्तीले बताइन् ।

विगतको आयोगद्वारा नसमेटिएको/गर्न बाँकी अधुरो काम तथा अहिलेको कार्यादेशले समेत नसमेटेका विषयहरु जस्तै फिल्डबुकमा नाम भएर पनि कैफियतमा वन, ऐलानी जनिएको, भोगलगत नभेटिएका, नापनक्सा भएर पनि पिल्डबुकमा नाम नभेटिएकाहरुको सहमस्या समाधानका लागि कसरी अगाडि बढ्न सकिन्छ भनेर केन्द्रीय आयोगमा पत्राचार गर्ने निर्णय गरेको उनले बताइन् ।

# ऋृषेश्वर मन्दिरमा बौद्ध धर्मगुरु रिन्पोछेको मूर्ति अनावरण



साझाकुरा संवाददाता

हेटौंडा, २६ जेठ/ मकवानपुर जिल्लाको उत्तरीक्षेत्र दामनस्थित ऐतिहासिक तथा धार्मिकस्थल ऋृषेश्वर मन्दिरमा बौद्ध धर्मगुरु रिन्पोछेको मूर्ति अनावरण गरिएको छ ।

पद्मवर्ण महायान बिहार गुम्बा, ललितपुर, वडा नं. ६, ज्याठावहा, ओकुवहालबाट प्राप्त गुरु रिन्पोछेको मूर्ति बागमती प्रदेशसभा सदस्य कुमारी मुक्तानद्वारा अनावरण गरिएको हो । मुर्तीप्रतिष्ठा गर्दै प्रदेशसभा सदस्य मोक्तानले ऋृषेश्वर मन्दिरक्षेत्रको धार्मिक, सांस्कृतिक र पर्यटकीय सम्भावना अझ प्रगाढ रहेको बताइन् । मूर्ति स्थापना कार्यक्रमले हिन्दु-बौद्ध सहिष्णुता र साझा आस्थाको सन्देश फैलाएको उनको विश्वास थियो । ऋृषेश्वर क्षेत्रको विकासमा सहयोग गर्न आफूले प्रदेश सरकारसमक्ष पहल गर्ने प्रतिबद्धता उनले गरिन् ।

पद्मसम्भवको मूर्तिमा प्राणप्रतिष्ठा सहित वाङ आयुबाट अभिषेक पूजा कार्यक्रम भएको थियो । समुद्री सतहदेखि करिब २ हजार पाँच सय ८४ मिटर उचाइमा रहेको यो मन्दिर त्रिभुवन राजपथ हुँदै सहजै पुग्न सकिने स्थानमा पर्छ । सीमभन्ज्याङ र दामनको बीच भागमा पर्ने ऋृषेश्वर मन्दिर हिन्दु र बौद्ध दुवै धर्मावलम्बीको श्रद्धा केन्द्रकारुपमा रहेको छ । बौद्ध धर्मगुरु पद्मसम्भव (गुरु रिन्पोछे) सँग गाँसिएको हुनाले यस स्थानको धार्मिक तथा सांस्कृतिक दृष्टिले विशेष महत्व रहेको छ ।

मुर्ति प्राणप्रतिष्ठा समारोहमा महायान बिहारका श्रद्धालुहरु, ऋृषेश्वर क्षेत्र विकास समितिका अध्यक्ष विनोदकुमार लामा, वडा नं. ४ का अध्यक्ष नारायण लामा, तथा समिति सदस्यहरु निरोज प्रधान, शम्भुसिंह कार्कीलगायतको उपस्थिति रहेको थियो ।

### सरकारी अस्पतालमा स्वास्थ्य मन्त्रालयको परिपत्र

# प्रत्यारोपण सामग्री आफ्नै फार्मेसीमा उपलब्ध गराउनू

साझाकुरा संवाददाता

हेटौंडा, २६ जेठ/ स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले मुटु, हड्डी तथा विभिन्न खालका बिरामीको प्रत्यारोपण तथा उपचारमा आवश्यक सामग्री सरकारी अस्पतालकै फार्मेसीमा व्यवस्था गर्न परिपत्र गरेको छ ।




हाल सरकारी फार्मेसीमा उपलब्ध नहुने तथा मूल्य विवरण समेत सार्वजनिक नहुँदा बिरामीले महँगो मूल्यमा त्यस्ता वस्तु खरिद गर्नु परिरहेको छ । अस्पतालका फार्मेसीमा उपलब्ध नहुँदा अस्पतालमै निजी व्यवसायीले महँगोमा बिक्री गरिरहेको गुनासो आएपछि स्वास्थ्य तथा जनसख्या मन्त्रालयले शल्यक्रियामा आवश्यक पर्ने त्यस्ता वस्तु अस्पतालकै फार्मेसीमा नयाँ आर्थिक वर्षबाट व्यवस्था गर्न निर्णय गरेको छ ।

सोहीअनुसार सचिवस्तरीय निर्णयमार्फत मन्त्रालयले अब अस्पतालमा सबै बिरामीले देख्ने स्थानमा मूल्य सार्वजनिक हुने तथा अस्पतालकै फार्मेसीमा उपलब्ध हुने गरी निर्णय गरेर परिपत्र गरिएको मन्त्रालयका प्रवक्ता डा. प्रकाश बुढाथोकीले बताए । बिक्रेतालाई बढी मूल्य लिनबाट रोक्न सबै अस्पतालले आर्थिक वर्षमा कुनै रोगको प्रत्यारोपण, शल्यक्रिया तथा उपचारका लागि नयाँखालको वस्तु आवश्यक परेमा कम्पनी, आधिकारिक विक्रेता तथा मूल्य सार्वजनिक गरेर मात्र बिरामीले प्राप्त गर्ने व्यवस्था मिलाउन समेत मन्त्रालयले पत्राचार गरेको छ । मन्त्रालयले बिरामीको गुनासो आउने वातावरण आउन नदिन पत्रमार्फत अस्पताललाई सचेत बनाएको छ ।

व्यक्तिगत घटना दर्ता सम्बन्धी सूचना

जन्म, मृत्यु, विवाह, बसाई सराई र सम्बन्ध विच्छेद जस्ता व्यक्तिगत घटना आफ्नो स्थायी वडा कार्यालयमा गई घटना घटेको ३५ दिनभित्रै दर्ता गरौं र गराऔं।

जन्म दर्ता किन गर्ने ?




हेटौंडा उपमहानगरपालिका
१८ नं. वडा कार्यालय
हर्नामाडी, मकवानपुर

साझाकुरा राष्ट्रिय दैनिकका लागि सविन न्यौपानेद्वारा प्रकाशित, सम्पादक: सरला खनाल, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, मुद्रण: सफल छापाखाना